# धर्मकीर्ति

धर्मकीर्ति

The Dharmakirti

DHARMAKIRTI



जेठ पूर्णिमाको दिन कपिलवस्तुमा महासमय सूत्र देशना गर्नुहुँदै शाक्यमुनि बुद्ध

वर्षः ४१, अङ्कः २

बु.सं. २५६७, जेठ (ज्याः) पुन्हि

# डा. अनोजा गुरुमांको अमूल्य योगदान स्मरण गर्दै उहाँलाई अन्तिम विदा गरी अन्त्येष्ठी कार्य समापन गर्दाको केही झलकहरू




नेपालको राष्ट्रिय झण्डा ओढाई राष्ट्रिय सम्मान प्रदान



अन्तिम दर्शनको लागि राखिएको अनोजा गुरुम(ांको पार्थिव शरीर



अनोजा गुरुमांको पार्थिव शरीर अगाडि उहाँको पुण्यस्मृतिमा परित्राण पाठ गर्नुहुँदै भिक्षु संघ



गुरुमांको पुण्यस्मृतिमा परित्राण पाठ गर्नुहुँदै प्रव्रजित गुरुमां संघ



सुगति कामना गरी पाठ गर्नुहुँदै महायानी गुरु संघ

<u>प्रकाशक र विशेष सल्लाहकार</u>

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

<u>सम्पादक</u>

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

<u>सम्पादन सहयोगी</u>

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

<u>व्यवस्थापकहरू</u>

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

<u>कार्यालय</u>

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६७

नेपाल सम्बत् ११४३

इस्वी सम्बत् २०२३

बिक्रम सम्बत् २०८०

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**4th JUNE 2023**


| वर्ष- ४१ | अङ्क- २ | जेठ (ज्या:)पुन्हि | जेठ २०८० |
|---|---|---|---|


**अत्तदत्थं परत्थेन - बहुनापि न हापये**

**अत्तदत्थमभिञ्ञाय - सदत्थपसुतो सिया**

**मेपिन्त लाभ याकेया निम्ति, थ:त प्राप्त ज्वीगु उत्तमगु लाभय् आपा: हानी याय्मज्यू । थ:त लाभ ज्वीगु सीका: हरबखत सदर्थे लगे ज्वीमा: ।**

**जतिसुकै ठूलो होस्, तापनि अरुको हितका लागि आफ्नो हितको पनि हानी गर्नु हुँदैन । आफ्नो हितको विचार राखेर सदर्थमा लाग्नु पर्दछ ।**

**Let no one forget his own duty for the sake of another's, however of great, let a man after he has discerned his own duty, be faituful to his duty.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | **बुद्ध वचन** | – | १ |
| २) | **आवरण चित्र परिचय – महासमय सूत्र देशना** | – **कुसुम गुरुमां** | २ |
| ३) | **सम्पादकीय- अनिच्चावत संखारा** | – | ३ |
| ४) | **अनोजा गुरुमांको संक्षिप्त जीवनी** | – **अम्बिका गुरुमां** | ४ |
| ५) | **धर्मकीर्ति समाचारहरू** | – | ६ |
| ६) | **हाम्री प्यारी अजिमामा** (हजुर आमा) | – **याश्रीका प्रधान** | १४ |
| ७) | **रोग हराउने योग व्यायाम** | – **विद्याकुमारी वज्राचार्य** | १८ |
| ८) | **मदुगु खँ लुमना** | – **कुसलज्ञाणी गुरुमां** | १८ |


*आवरण चित्र परिचय*

# महासमय सूत्र देशना

✍ **कुसुम गुरुमां**

भगवान् बुद्धले जेठ पूर्णिमाको दिन कपिलवस्तु महावनमा १० हजार चक्रवालबाट एकत्रित भएका देव ब्रह्माहरूलाई देशना गर्नुभएको महासमय सूत्र देवताहरूलाई प्रिय सूत्र मानिन्छ ।

बुद्ध कालिन समयमा आफ्ना साखै नातादार पर्ने शाक्य र कोलिय दुई राज्यहरूको बीचबाट बगिरहेको रोहिणी नदीको पानी दुबै देशका जनताले सामूहिक रूपमा लगी सिँचाई गरी रोपाईं कार्य गर्दै आइरहेका थिए । एकपटक खडेरी लागी बालीनाली सुक्न थाल्यो । फलस्वरूप पानी यथेष्ठ पुगेन । नदीको पानी हानथाप हुनथाल्यो । हुँदाहुँदै किसानहरू (दुवै तर्फका) देखि शुरू भएको कलह विस्तारै राज्यसम्म पुग्यो । फलस्वरूप दुबै राज्यहरू बिच परस्पर एकले अर्कालाई जाति वंशमा चोट पुग्ने गरी गाली गलौज एवंम् लाञ्छना लगाउँदै वाक युद्ध चल्न थाल्यो । आरोप पत्यारोप लगाउँदै उक्त कलहले दुई राज्यबिच लडाईं नै लड्ने निष्कर्षमा पुगे । कपिलवस्तु र कोलिय दुवै तर्फबाट सेनाहरू शस्त्र बोकी युद्धका लागि तयार भएर निस्के ।

यस घटना घट्नु अगाडि शाक्यमुनी बुद्धले थाहा पाउनु भयो । उहाँ पात्र चीवर धारण गर्नुभई उक्त घटना स्थलमा पुग्नु भयो र बिचमा रहनुभई दुवै पक्षलाई प्रश्न गर्नुभयो –

भगवान् बुद्ध - पानीको मूल्य ठूलो छ कि रगतको मूल्य ठूलो छ ।

उत्तर - रगतको मूल्य ठूलो छ ।

भगवान् बुद्ध - पृथ्वीलाई अधिनमा राख्ने राजाहरूको रगतको मूल्य कति छ ?

उत्तर - वहुमुल्य ।

भगवान् बुद्ध - अल्प मूल्य पर्ने पानीको कारणले अनमोल रगतको मूल्य भएका राजाहरूलाई नाश गर्नु उचित छ ?

यसरी भगवान् बुद्धले प्रश्न गर्नुहुँदै पानीको मूल्य भन्दा रगतको मूल्य बढी भएको यथार्थतालाई महशूस गराउनु हुँदै कोलिय र शाक्यहरू बिचको वैमनश्यता हटाउनको लागि यस गाथा पनि भन्नुभयो ।

**सुसुखं वत जीवाम – वेरिनेसु अवेरिनो**
**वेरिनेसु मनुस्सेसु – विहराम अवेरिनो**

शत्रुहरू र वैरीहरूको माभ रहेर पनि शत्रु विहिन अवैरी भई बाँचिरहन पाउनु सुखद् हो । शत्रु र वैरी मनुष्यहरू माभ हामी अवैरी भएर विहार गरौं ।

उहाँले त्यस समय अन्य ५ वटा जातकहरू पनि देशना गर्नुभएको थियो ।

भगवान् बुद्धले लडाईं लड्न आएका आफन्तहरूलाई भगडाको अवगुण र मेलमिलापको गुण बढाउने प्रसंग अनुसार जातकहरूको देशना पछि यिनीहरूको मनमा

*( क्रमश: पेज १६ मा हेर्नुहोला )*

## ▪ सम्पादकीय ▪

# अनिच्चावत संखारा

अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालका सचिव, देवदह यशोधरा विहार निर्माण समितिका अध्यक्ष, धर्मकीर्ति विहारको शाखा विहार शुलक्षण कीर्ति विहारका संस्थापक अध्यक्ष महासद्धम्म जोतिक धज डा. अनोजा गुरुमांको असामयिक निधन भएको छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय तहका विभिन्न संघ संस्थाहरूमा आबद्ध रहनुभएका डा. अनोजा गुरुमांले बुद्ध शासनिक क्षेत्र, सामाजिक क्षेत्र, शैक्षिक क्षेत्र, साहित्यक क्षेत्र र स्वास्थ्य क्षेत्र आदि विविध क्षेत्रहरूमा सक्दो योगदान पुऱ्याउनु भएको देखिन्छ ।

वि.सं. २०११ साल श्रावण ३ गते माता रत्नमाया मानन्धर र पिता हरिप्रसाद मानन्धरको कोखबाट बनेपामा जन्मनुभएकी शारदा मानन्धर बि.सं. २०२७ सालमा बाराणसी स्थित विहारमा सयादो उ कित्तिमाको उपाध्यायत्वमा प्रव्रजित हुनुभई खेमा गुरुमां हुनुभयो । खेमा गुरुमां पछि अनोजा गुरुमांको नामले परिचित हुनुभई धम्मवती गुरुमांको छत्रछाँयामा रही धर्मकीर्ति विहारमा लामो अवधिसम्म रहनु भयो । यस अवधिमा उहाँले बुद्ध शिक्षा अध्ययन गरी बुद्ध शिक्षा प्रचार प्रसार कार्यमा लाग्नुभयो । यही क्रममा उहाँले भारतस्थित सम्पूर्णानन्द सँस्कृत विश्वविद्यालयबाट बुद्ध शिक्षामा विद्यावारिधि गरी डा. अनोजा गुरुमां हुनुभयो । यसरी डटेर मेहनत गर्नुहुँदै शैक्षिक स्तरलाई उकास्दै जानुभएकी गुरुमां अनोजाले धर्मकीर्ति विहारको शाखाको रूपमा चोभारमा सुलक्षणकीर्ति विहार स्थापना गर्न सफल हुनुभयो । यही विहारमा रही उहाँले बुद्ध शिक्षा प्रचारप्रसार कार्य थालनी गर्नुभयो । यही सिलसिलामा उहाँले स्वास्थ्य शिविर सञ्चालन एवं बाढी, पहिरो र भूकम्प पीडित जनतालाई गाँस, बास, कपास र औषधि आदि आधारभूत आवश्यकता परिपूर्तिको लागि जिल्ला जिल्लामा पुगी समाजसेवा कार्यमा जुट्नु भयो । त्यति मात्र होइन चोभार स्थित अनाथ बाल स्कूलको संरक्षकको भूमिका पनि निभाईरहनु भएको बुझियो । समय-समयमा बुद्ध शिक्षा उल्लेखित पुस्तक र विविध लेखहरू लेखी प्रकाशन कार्यमा पनि जुट्नु भएको देखिन्छ ।

BLIA (Buddha's Light International Association Nepal Chapter को संस्थापक अध्यक्ष र सल्लाहकार समेत रहनुभई बुद्ध शिक्षा प्रचार कार्यमा योगदान पुऱ्याउनु भएको देखिन्छ । त्यतिमात्र होइन शैक्षिक क्षेत्रमा पाइला टेक्दै सुलक्षणकीर्ति कलेज स्थापना गर्नुभएको बुझिएको छ ।

यसको साथै आफ्नो छोटो जीवनयात्रामा उहाँले जेष्ठ नागरिक आवास गृह निर्माणार्थ वि.सं. २०७७ साल मंसिर २३ गते मंगलवार सुलक्षणकीर्ति विहार चोभारबाट सञ्चालन हुने गरी शान्ति सुद्धम्मावास जेष्ठ नागरिक आवास गृहको लागि निर्माण हुने भवन तत्कालिन प्रधान मन्त्री के.पी. ओलीज्यूबाट शिलान्यास गर्नुभई शिलान्यास कार्यक्रम पनि सम्पन्न भएको बुझियो । यसबाहेक अन्य समाजसेवा कार्यहरू पनि अगाडि बढाउने योजना रहेको पनि थाहा लाग्न आएको छ । तर, भगवान् बुद्धले चार आर्यसत्यमा उल्लेख गर्नु भएनुसार दुःख सत्य ८ वटा मध्ये ७ नं. को दुःख सत्य **"यंपिच्छं न लभति तम्पि दुःखं"** अर्थात् "आफूले इच्छा गरिएका सम्पूर्ण इच्छा पूरा नहुनु पनि दुःख नै हो ।" यहाँ सार्थक हुन आयो । यसलाई हामीले बुझ्न अत्यावश्यक नै छ । यसको साथै भगवान् बुद्धले पत्ता लगाउनुभएको संसारको त्रिलक्षण स्वभावले कसैलाई भेदभाव गर्दैन । यसलाई पनि हामीले स्वीकार्न बाध्य छ । त्यसैले अनोजा गुरुमांको जीवनकालमा पूरा हुन नसकेका इच्छा एवं लक्षहरू पूरा गर्ने जिम्मा उहाँले भविष्यका पिंढीहरूलाई सुम्पेर जानुभएको छ ।


"रुपं जीरति मच्चानं नाम गोत्तं नजीरति" अर्थात् अनोजा गुरुमांको रुप शरीर जीर्ण भई उहाँ परलोक भई हामी सामू नरहे पनि उहाँले सम्पन्न गरेर छोडेर जानुभएका असल कार्यहरूको कीर्ति हामी सामू अमर भएर रहेका छन् ।

उहाँले गर्नुभएका शासनिक कार्य लगायत अन्य जति पनि उपकारी कार्यहरूबाट सञ्चित पुष्य कार्यहरू छन्, यसको साथै हामीले उहाँको पुण्यस्मृतिमा जति पनि पुण्य कार्यहरू गरेका छौं, ती सञ्चित पुण्य शक्तिले उहाँको परलोक जीवन सुगतिमय बनोस् । यसको साथै उहाँलाई निर्वाण हेतु पनि प्राप्त होस् भनी हामीले कामना गरौं ।

त्यतिमात्र होइन उहाँको जीवनकालमा सम्पन्न हुन नसकेका उपकारी कार्यहरूलाई पूरा गर्ने जमर्को हुँदै जावस् । जसले गर्दा उहाँको सपना साकार हुन सकुन । यी पुण्य कार्य दिवंगत अनोजा गुरुमांको लागि आधार बन्नेछ । भवतु सब्ब मंगलम् । ■

# अनोजा गुरुमांको संक्षिप्त जीवनी

✍ अम्बिका गुरुमां



अनन्त गुणवान्, महोपकारक, करुणावान् र धर्म चित्तले ओतप्रोत हुनुभएकी यस सुलक्षण कीर्ति विहार संस्थापक तथा विहार प्रमुख श्रद्धेय गुरुवर डा. अनोजा गुरुमां मिति २०८० साल जेष्ठ ३ गते विहान १:२२ मा मेडिसिटी अस्पतालमा क्यान्सर रोगको उपचारको क्रममा दिवंगत हुनु भयो ।

वि.सं. २०११ साल, श्रावण ३ गते बनेपा, काभ्रेमा बुबा स्व. हरिनारायण मानन्धर र आमा स्व. रत्नमाया मानन्धरको कोखबाट जन्मिनु भएकी शारदा मानन्धरले १६ वर्षको कलिलो उमेरमै प्रव्रजित हुने दृढ निर्णय लिनुभयो । २०२७ साल कार्तिक ८ गते अनेक विध्नबाधा तथा रोकटोकका बाबजुद पनि भिक्षु धर्मानन्द र गुरुमां संघरक्षिताको सहयोगमा बनारसस्थित बर्मेली भिक्षु सयादो ऊ. कित्तिमाको उपाध्यायत्वमा गुरुमां खेमाको रुपमा प्रव्रजित हुनुभयो । पछि गएर श्रद्धेय भिक्षु प्रज्ञानन्द महास्थविरद्वारा गुरुमां खेमा बाट गुरुमां अनोजा नाम राखिदिनुभयो । सारनाथबाट नेपाल फर्केर त्रिशुलीस्थित सुगतपुर विहारमा केहि समय बस्नुभई संघरक्षिता गुरुमांकोमा बस्नुभयो । त्यसपछि किण्डोल विहारको संस्थापिका धर्मचारी गुरुमांको सहयोगमा धर्मकीर्ति विहारमा धम्मवती गुरुमांको शिष्य भएर बस्नु भएको थियो ।

शिक्षालाई धेरै महत्व दिनुहुने गुरुमांले बनेपाको चैतन्य स्कूलबाट प्रारम्भिक शिक्षा हासिल गर्नुभई भक्तपुरको सरस्वती माध्यमिक विद्यालयबाट प्रवेशिका परिक्षा उत्तीर्ण गर्नुभयो । बौद्ध शिक्षा अध्ययन गर्ने क्रममा श्रद्धेय गुरुवर अनोजा गुरुमां वर्माको मोलमिनस्थित खेमाराम विहारमा तथा प्रतिपत्ति अभ्यासको लागि महासि सासन यैता (ध्यान केन्द्र) र पण्डिता राम ध्यान केन्द्रमा पनि विपश्यना ध्यान भावनाको साधना गर्नुभयो । गोयन्का गुरुजीको ध्यान केन्द्रमा पनि समय-समयमा ध्यान शिविरहरूमा सहभागी हुनुभएको थियो ।

उच्च शिक्षालाई निरन्तरता दिने क्रममा भारतको सम्पूर्णानन्द सस्कृत विश्वविद्यालयबाट सन् १९९९ मा "**अभिधम्मावतार पुराणटीका, अभिनवटीकायाः सम्पादनं आलोचनात्मकं चाध्यायनम्**" विषयमा विद्यावारिधी (Ph.D.) को उपाधि हासिल गर्नुभई नेपालकै प्रथम विद्यावारिधी हासिल गर्नुहुने गुरुमांको रुपमा परिचित हुनुभयो ।

वि.स. २०५३ सालमा स्थापना भएको सुलक्षण कीर्ति विहारलाई शिक्षाको केन्द्रको रुपमा विकास गर्ने परिकल्पना Vision अनुसार श्रद्धेय गुरुवर डा. अनोजा गुरुमांले परियत्तिशिक्षाको साथै सुलक्षण कीर्ति क्याम्पस समेत स्थापना गर्नुभयो ।

गुरुमांको प्रेरणामा स्थापना काल देखि नै सुलक्षण कीर्ति विहारमा दैनिक बुद्ध-पुजा, परित्राण-पाठ तथा ध्यानभावनाको अभ्यास हुने गरेको छ । मासिक दुई पटक प्रतिपदाको दिन विशेष बुद्ध पूजा, ज्ञानमाला भजन तथा धर्मदेशना कार्यक्रम हुने गरेको र समय समयमा बाल शिविर, ऋषिणी प्रव्रज्या तथा अस्थायी अनागारिका प्रव्रज्या कार्यक्रमहरू, ध्यान शिविरका कार्यक्रमहरू लगायत स्वास्थ्य शिविरहरूको पनि आयोजना हुने गरेको छ ।

बौद्ध जागरणको लागि देशका विभिन्न भागहरूमा मात्र नभई अन्तर्राष्ट्रिय क्षेत्रमा पनि सभा, सम्मेलन, प्रवचन, टेलिभिजन र रेडियो जस्ता संचार माध्यमहरूबाट पनि सक्रिय रुपमा बुद्ध धर्म प्रचार प्रसारमा उल्लेखनीय योगदान दिनुभएको थियो । उहाँ सहभागी रहनुभएको केही कार्यक्रमहरूको विवरण –

सन् १९८५ मा अमेरिकामा भएको युवा सम्मेलन,
सन् १९९३ मा भारतमा भएको बौद्ध महिला सम्मेलन,
सन् १९९८ मा क्यानडामा भएको बुद्धज्योति अन्तर्राष्ट्रिय संघ सम्मेलन,
सन् २००१ मा नेपालमा भएको शाक्यधिता अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन,
सन् २००४ मा म्यान्मारमा भएको विश्व बौद्ध सम्मेलन,
सन् २००६ मा सिंगापुरमा भएको बौद्ध सम्मेलन,
सन् २००७ मा अष्ट्रेलियामा भएको BLIA सम्मेलन,
सन् २००८ मा श्रीलंकामा भएको बुद्धिष्ट फोरम,
सन् २०१७ मा जापानमा नैकान ध्यान,
सन् २०१९ मा भियतनाममा भएको बैशाख दिवस लगायत अन्य विभिन्न

देशहरूमा भएका सम्मेलनहरूमा श्रद्धेय गुरुवर डा. अनोजा गुरुमांको सक्रिय सहभागिता रहेको थियो ।

यसरी विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सहभागी हुनुका साथै धर्म प्रचारप्रसार गर्ने क्रममा ५० भन्दा बढी देशहरूको भ्रमण गरिसक्नु भएको छ । साथै समय-समयमा स्वदेशी तथा विदेशी उपासक उपासिकाहरूलाई नेपालका विभिन्न बौद्ध स्थलहरू लगायत भारत, बर्मा, थाइल्याण्ड, श्रीलंका, कम्बोडिया जस्ता बौद्ध देशहरूमा तीर्थयात्रा लाने गर्नु हुन्थ्यो ।

निस्वार्थ सेवाभाव राख्नुहुने श्रद्धेय डा. अनोजा गुरुमां विभिन्न विहारहरू तथा सामाजिक क्षेत्रहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सक्रिय संलग्न हुनुहुन्थ्यो ।

कुनैपनि अभिभावक विहीन बालबालिकाहरू गाँस, बास, कपास र शिक्षाबाट बञ्चित नहोस् भन्ने हेतुले चोभारमा अनाथ स्कूलको संस्थापक सदस्यको रुपमा सक्रिय हुनुभई सो स्कूललाई चाहिने आधारभूत सामाग्रीहरू वितरण गरिरहनु भयो ।

वहाँले विभिन्न बौद्ध संघ संस्थाहरूमा आवद्ध भएर धेरै योगदान दिनुभएको छ । जस्तै :

सन् १९९९ देखि २०१२ सम्म बुद्ध ज्योति अन्तर्राष्ट्रिय संघ नेपाल शाखाको संस्थापक अध्यक्ष ।

बुद्धज्योति अन्तर्राष्ट्रिय संघ नेपाल शाखाको बरिष्ठ सल्लाहकार ।

लुम्बिनी विश्वविद्यालय समिति, काभ्रे बहुमुखी क्याम्पस, जनमत प्रकाशन, नेपाल रसिया सस्कृतिक केन्द्र, निरन नेपाल लगायत अन्य विभिन्न संघ संस्थाहरूमा पनि आवद्ध हुनुहुन्थ्यो ।

निस्वार्थ सेवाभावको कदर स्वरुप श्रद्धेय गुरुवर डा. अनोजा गुरुमांलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरूले सम्मान तथा पदकहरूले सम्मान गरेका छन् । वि.स. २०७८ सालमा 'डा. डिल्ली रमण रेग्मी राष्ट्रिय शाान्ति पुरस्कार'द्वारा विभुषित गरिएको थियो ।

त्यस्तै, धर्मकीर्ति विहार, लगायत धर्म परियत्ति शिक्षा केन्द्र, महिला बौद्ध संघ, कुलेश्वर विहार, शाक्यमुनि कीर्तिविहार, जनमत वांगमय प्रतिष्ठान नेपाल, सशक्तिकरण सामाज नेपाल, महिला हिंसाविरुद्ध धार्मिक राट्रिय संजाल लगायत अन्य थुप्रै विहार, संघ संस्थाहरूबाट पनि सम्मानित गरिएको थियो ।

गुरुमांलाई राष्ट्रिय संस्कृति विकास फाउण्डेशन नेपालद्वारा राष्ट्रिय सम्मान, ओमकार बाणी मासिकद्वारा राष्ट्रिय विभुति सम्मान,

सन् २०१६ मा म्यानमार सरकारबाट '**महासद्धम्म जोतिक धज**' पदवी जस्ता अन्तर्राष्ट्रिय सम्मान बाट पनि वहाँलाई विभुषित गरिएको थियो ।

रचनात्मक सोचका धनी तथा आफ्नो ज्ञान र अनुभवलाई सबै सामु बाँड्न रुचाउने श्रद्धेय गुरुवर डा. अनोजा गुरुमां धेरै लेख रचनाहरू लगायत बोद्ध ग्रन्थहरूका श्रष्टा पनि हुनुहुन्छ ।

- सुलक्षण कीर्ति विहार एक परिचय, - शान्ति अभिप्रेरणा (भाग १/२), - नियात्राका पदचापहरू, - वर्मा : एक अनुभव र अनुभूति, - मंगल उपदेश, - जीवनका उपसर्गहरू, - अनुभुतिमाला लगायत अन्य बौद्ध ग्रन्थहरू प्रकाशन भएका छन् । साथै विभिन्न पत्रपत्रिकाहरूमा उहाँको लेखहरू प्रकाशित भएका छन् ।

आफु जिवितमान हुँदा मात्र होइन यो नश्वर संसारबाट विदा लिइसकेपछि पनि आफ्नो पार्थिव शरिर चिकित्सा शास्त्र अध्ययनको लागि प्रयोग गरियोस् भन्ने हेतुले धुलिखेल अस्पताललाई आफ्नो शरिर दान गर्नुभएको छ ।

वर्तमान अवस्थामा यस सुलक्षण कीर्ति विहारमा प्रव्रजित गुरुमांहरू सुनन्दावती, अम्विका, अरिया, आशा, अन्जना, अनुसा र अनुपा लगायत ४ जना ऋषिणीहरू गरी ११ जना गुरुमांका शिष्यहरू रहेका छन् ।

अभिभावकको रुपमा रहि स-साना व्यवहारिक कार्यहरूदेखि लिएर बौद्ध शिक्षा अध्ययन र अनुशरण गर्न अथक रुपमा उत्साह दिनुहुने अभिभावक रुपी गुरुमांलाई गुमाउनु पर्दा हामी शिष्यहरू (चेली) पनि दुःखी र मर्माहित भएका छौ ।

गुरुमांले आफ्नो जीवनकालमा गर्नुभएको प्रशंसनिय कार्यहरूलाई वहाँको शिष्यहरू हामी सबैले निरन्तरता दिन आफ्नो क्षमताले भ्याएसम्म हरदम प्रयास गर्नेछौं ।

साथै श्रद्धेय भिक्षुमहासंघ, श्रद्धेय प्रव्रजित गुरुमां संघ तथा धर्मचित्त भएका सम्पुर्ण उपासक उपासिकाहरूले पनि हरेक किसिमले यस सुलक्षणकीर्ति विहारले गरिरहेको शासनिक तथा सामाजिक कार्यहरूलाई अगाडि बढाई रहनको लागि हामीलाई सधैं हौसला तथा सहयोग गरिदिनु हुनेछ भन्ने विश्वास र भरोसा राखेका छौं ।

दिवंगत श्रद्धेय गुरुवर डा. अनोजा गुरुमां वहाँको आफ्नै पुण्यको आनुभाव लगायत हामी सबैको पुण्यको आनुभावले वहाँको परलोक जीवन सुखमय, आनन्दमय तथा सुगतीको कामना गर्दछौं । यो पुण्यको आनुभावले जन्म, जरा, व्याधि, मरणबाट मुक्त हुने निर्वाणको लागि हेतु होस् भनी कामना गर्दछौं ।

भवतु सब्ब मंगलं ।
साधु !! साधु !! साधु !!!

# नेपाल बौद्ध परियत्ति शिक्षा

## परीक्षा नतिजा बु.सं. २५६६, वि.सं. २०७९, ई.सं. २०२३

## परीक्षा केन्द्र: धर्मकीर्ति विहार, श्रीघः, नःघः, काठमाडौं

| क्र.सं. | कक्षा | पञ्जिका नं | नाम, थर | प्राप्ताङ्क | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|---|---|
| १ | १० | १८२७३ | समुद्र देबी ताम्राकार | ३८० | ६३.३३ | दोश्रो |
| २ | ९ | ३०५९५ | तारा महर्जन | ३७५ | ६२.५ | दोश्रो |
| ३ | ९ | ३९७७८ | शान्ति शाक्य | ४०९ | ६८.१७ | दोश्रो |
| ४ | ९ | ३३३४७ | नीलम शाक्य | २७८ | ४६.३३ | तेश्रो |
| ५ | ९ | २४७८३ | करुणा कंसाकार | २८० | ४६.६७ | तेश्रो |
| ६ | ८ | ३३३३१ | तारा केशरी राजभण्डारी | ३२३ | ५३.८३ | दोश्रो |
| ७ | ८ | ३०६०२ | सुमी शाक्य | ३८२ | ६३.६७ | दोश्रो |
| ८ | ८ | २६५४२ | श्रृजना शाक्य | ३५४ | ५९ | दोश्रो |
| ९ | ८ | २४३०४ | सबिना शाक्य | ३३० | ५५ | दोश्रो |
| १० | ८ | ३५२६७ | दया लक्ष्मी शाक्य | ४३९ | ७३.१७ | प्रथम क्लास टपर |
| ११ | ८ | ३५१६५ | अञ्जु शाक्य | ३७१ | ६१.८३ | दोश्रो |
| १२ | ७ | ३३३४४ | सम्झना शाक्य | ३८४ | ७६.८ | बोर्ड द्वितीय |
| १३ | ७ | ६४१०० | पुष्प हीरा तुलाधर | २६७ | ५३.४ | दोश्रो |
| १४ | ७ | ६३४७२ | प्रमीला ताम्राकार | ३८२ | ७६.४ | बोर्ड तृतीय |
| १५ | ७ | ३७७१९ | कल्पना शाक्य | ३५५ | ७१ | प्रथम |
| १६ | ७ | ३९७५७ | जयन्ति तुलाधर | ३८१ | ७६.२ | प्रथम |
| १७ | ६ | ३०५६१ | नन्द लक्ष्मी तुलाधर | १४६ | ३६.५ | तेश्रो |
| १८ | ५ | ६४११७ | सुशील रत्न तुलाधर | २३३ | ७७.६७ | प्रथम |
| १९ | ५ | ३५५६२ | प्रेमा मानन्धर | २०० | ६६.६७ | प्रथम |
| २० | ५ | ३३३१२ | कुसुमावती | २७७ | ९२.३३ | वोर्ड प्रथम |
| २१ | ५ | ३३३११ | कुसलावती | २७६ | ९२ | बोर्ड द्बितीय |
| २२ | ५ | ३५२४८ | कमल केशरी तुलाधर | २४९ | ८३ | डिस्टिंक्शन |
| २३ | ४ | ३७३२२ | सनिशा महर्जन | २३० | ७६.६७ | प्रथम |
| २४ | ४ | ३७३२१ | सलिना महर्जन | १८१ | ६०.३३ | प्रथम |
| २५ | ४ | ६५५९९ | रमिला महर्जन | १७१ | ५७ | दोश्रो |
| २६ | ४ | ३०५७५ | प्रतिमा डंगोल | २०९ | ६९.६७ | प्रथम |
| २७ | ४ | २६५२२ | मनहेरा महर्जन | २२५ | ७५ | प्रथम |
| २८ | ४ | ३७३१५ | कुशल राज डंगोल | १३५ | ४५ | दोश्रो |
| ३० | ४ | ६४०९० | करुणा स्थापित | २२४ | ७४.६७ | प्रथम |
| ३१ | ४ | २६५२७ | कविता महर्जन | २०६ | ६८.६७ | प्रथम |
| ३२ | ४ | ३७३२३ | चुनुशोभा वज्राचार्य | २६५ | ८८.३३ | डिस्टिंक्शन |
| ३३ | ३ | ६५६२२ | श्रृजना ताम्राकार | १५३ | ७६.५ | प्रथम |
| ३४ | ३ | ६४६८८ | श्रृजना थापा मगर | १३९ | ६९.५ | प्रथम |
| ३५ | ३ | ६७६९६ | नारायण देबी मानन्धर | १८२ | ९१ | डिस्टिंक्शन |
| ३६ | ३ | ३५२६२ | नानी शोभा महर्जन | १४७ | ७३.५ | प्रथम |
| ३७ | ३ | ६४९५८ | हरी कुमार लोहनी | १७२ | ८६ | डिस्टिंक्शन |
| ३८ | ३ | ६४१२२ | गंगा मानन्धर | १७१ | ८५.५ | डिस्टिंक्शन |
| ३९ | २ | ६८६७८ | उपेन्द्र अधिकारी | १७५ | ८७.५ | डिस्टिंक्शन |
| ४० | २ | ६५६५१ | शुभद्रा मानन्धर | १६७ | ८३.५ | डिस्टिंक्शन |
| ४१ | २ | ३७७२० | श्रीयानी कंसाकार | १३१ | ६५.५ | प्रथम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४२ | २ | ६४१२० | सरस्वती तामाङ्ग | १३९ | ६९.५ | प्रथम |
| ४३ | २ | ६४६८५ | सञ्जिब तुलाधर | १६९ | ८४.५ | डिस्टिंक्शन |
| ४४ | २ | ६५६३५ | सलिना दुलाल | १६३ | ८१.५ | डिस्टिंक्शन |
| ४५ | २ | १८८४ | सबिना महर्जन | १६८ | ८४ | डिस्टिंक्शन |
| ४६ | २ | ६८६७६ | सबिना खत्री | १३९ | ६९.५ | प्रथम |
| ४७ | २ | ६५६०७ | रीता दुवाल | १९० | ९५ | बोर्ड प्रथम |
| ४८ | २ | ६४११५ | रिमशा खड्गी | १५५ | ७७.५ | प्रथम |
| ४९ | २ | ६७७०४ | रश्मिता तुलाधर | १८५ | ९२.५ | डिस्टिंक्शन |
| ५० | २ | ६५६२४ | रश्मिता मानन्धर | १७२ | ८६ | डिस्टिंक्शन |
| ५१ | २ | ६५६५९ | रञ्जु श्रेष्ठ | १६४ | ८२ | डिस्टिंक्शन |
| ५२ | २ | ६४१०६ | रमिला डंगोल | १६१ | ८०.५ | डिस्टिंक्शन |
| ५३ | २ | ६५६५२ | रबिना मानन्धर | १८४ | ९२ | डिस्टिंक्शन |
| ५४ | २ | ६५६५० | पुर्ण मैंया मानन्धर | १७१ | ८५.५ | डिस्टिंक्शन |
| ५५ | २ | ६७७१० | प्रतिक्षा तामाङ्ग | १५८ | ७९ | प्रथम |
| ५६ | २ | ६५६११ | प्रशान्त शंकर | ११६ | ५८ | दोश्रो |
| ५७ | २ | ६५६२९ | प्रमीला मानन्धर | १६६ | ८३ | डिस्टिंक्शन |
| ५८ | २ | ६५६५३ | प्रज्ञा देबी तुलाधर | १७३ | ८६.५ | डिस्टिंक्शन |
| ५९ | २ | ६५५९८ | पल्पसा महर्जन | ९६ | ४८ | दोश्रो |
| ६० | २ | ६५६४७ | निर्मला महर्जन | १६७ | ८३.५ | डिस्टिंक्शन |
| ६१ | २ | ६५६२७ | न्हसला मानन्धर | १८२ | ९१ | डिस्टिंक्शन |
| ६२ | २ | ६४६८७ | नीता माली | १४८ | ७४ | प्रथम |
| ६३ | २ | ६७६८९ | मृगेन्द्र रावत | १५० | ७५ | प्रथम |
| ६४ | २ | ६५६४९ | लजना मानन्धर | १८८ | ९४ | बोर्ड द्वितीय |
| ६५ | २ | ६५६२८ | कमला सायमी | १४६ | ७३ | प्रथम |
| ६६ | २ | ६७६९१ | जानु गुरुङ्ग | ११५ | ५७.५ | द्वितीय |
| ६७ | २ | ३७३१७ | इन्दिरा देबी शाक्य | १७६ | ८८ | डिस्टिंक्शन |
| ६८ | २ | ६५६०० | इन्द्रिरा वज्राचार्य | १७५ | ८७.५ | डिस्टिंक्शन |
| ६९ | २ | ६५६०१ | हशिना चित्रकार | १७२ | ८६ | डिस्टिंक्शन |
| ७० | २ | ६५६०३ | ज्ञान हीरा तुलाधर | १४४ | ७२ | प्रथम |
| ७१ | २ | ६५६४३ | विकाश मान मानन्धर | १६६ | ८३ | डिस्टिंक्शन |
| ७२ | २ | ६५६२६ | भवानी मानन्धर | १७६ | ८८ | डिस्टिंक्शन |
| ७३ | २ | ६७६९८ | अनुष्खा लुईटँल | ८६ | ४३.५ | तृतीय |
| ७४ | २ | ६५६३१ | अञ्जना चित्रकार | १८५ | ९२.५ | डिस्टिंक्शन |
| ७५ | २ | ६५६२३ | अमीर रत्न मानन्धर | १८० | ९० | डिस्टिंक्शन |
| ७६ | १ | ६७६५० | जया लामा | ६४ | ६४ | प्रथम |
| ७७ | १ | ६७६३५ | यांग्छेन लामा | ६३ | ६३ | प्रथम |
| ७८ | १ | ६७७७७ | उबिषा तामाङ्ग | ४८ | ४८ | द्वितीय |
| ७९ | १ | ६७६०९ | तेजश्वी श्रेष्ठ | ५७ | ५७ | द्वितीय |
| ८० | १ | ६७६३६ | सुप्रिम अधिकारी | ४९ | ४९ | द्वितीय |
| ८१ | १ | ६७७११ | सुनीता महर्जन | ८० | ८० | डिस्टिंक्शन |
| ८२ | १ | ६७६५४ | सुलब गुरुङ्ग | ४६ | ४६ | द्वितीय |
| ८३ | १ | ६७७७५ | सुदिप कुमार शर्मा | ४७ | ४७ | द्वितीय |
| ८४ | १ | ६७६४० | सुचित्रा वज्राचार्य | ६९ | ६९ | प्रथम |
| ८५ | १ | ६७६८७ | सुबोध श्रेष्ठ | ६१ | ६१ | प्रथम |
| ८६ | १ | ६७६३२ | सुबिज्ञा महर्जन | ५६ | ५६ | द्वितीय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८७ | १ | ६७६६२ | सिवन ढुंगेल | ४९ | ४९ | द्वितीय |
| ८८ | १ | ६७६४१ | सिनिका महर्जन | ६५ | ६५ | प्रथम |
| ८९ | १ | ६७६४५ | श्रृष्टि खड्गी | ४६ | ४६ | द्वितीय |
| ९० | १ | ६७६७७ | श्रृष्टि बिराकोटी | ४६ | ४६ | द्वितीय |
| ९१ | १ | ६७६६९ | श्रृयान प्रजापति | ४७ | ४७ | द्वितीय |
| ९२ | १ | ६७६३८ | श्रृजा शाहि | ४९ | ४९ | द्वितीय |
| ९३ | १ | ६७६४८ | श्रामणेर शाक्य | ८४ | ८४ | डिस्टिंक्शन |
| ९४ | १ | ६७६२५ | समृद्धि डंगोल | ६० | ६० | प्रथम |
| ९५ | १ | ६७७०५ | सदिक्षा शाक्य | ४८ | ४८ | द्वितीय |
| ९६ | १ | ६७६३३ | साध्वी श्रेष्ठ | ५७ | ५७ | द्वितीय |
| ९७ | १ | ६७६५९ | सबिना खत्री | ६३ | ६३ | प्रथम |
| ९८ | १ | ६७६२४ | सान्वी गुप्ता | ६२ | ६२ | प्रथम |
| ९९ | १ | ६७६५६ | रुमा थामी | ५१ | ५१ | द्वितीय |
| १०० | १ | ६७५७६ | रियान महर्जन | ४७ | ४७ | द्वितीय |
| १०१ | १ | ६७६७८ | रिया जोशी | ५३ | ५३ | द्वितीय |
| १०२ | १ | ६७६५७ | रीना शाक्य | ६३ | ६३ | प्रथम |
| १०३ | १ | ६७६३० | प्रणिता बुढाथोकी | ५७ | ५७ | द्वितीय |
| १०४ | १ | ६७३९९ | प्रणिशा श्रेष्ठ | ६७ | ६७ | प्रथम |
| १०५ | १ | ६७६७३ | प्रणब पुलामि मगर | ४६ | ४६ | द्वितीय |
| १०६ | १ | ६७६८५ | निवाश मैनाली | ८१ | ८१ | डिस्टिंक्शन |
| १०७ | १ | ६७६१३ | नित्य चापागाईं | ५३ | ५३ | द्वितीय |
| १०८ | १ | ६७६३१ | निशान चौधरी | ५९ | ५९ | द्वितीय |
| १०९ | १ | ६७७७८ | निशा श्रेष्ठ | ४२ | ४२ | तृतीय |
| ११० | १ | ६७६८२ | निओमि भुसाल | ६१ | ६१ | प्रथम |
| १११ | १ | ६७६३९ | मृदुला स्थापित | ७६ | ७६ | प्रथम |
| ११२ | १ | ६७६२२ | मृदुल धमला | ४७ | ४७ | द्वितीय |
| ११३ | १ | ६७६११ | मर्कश मोक्तान | ४७ | ४७ | द्वितीय |
| ११४ | १ | ६७६४७ | लक्ष्मी अधिकारी | ५५ | ५५ | द्वितीय |
| ११५ | १ | ६७६२६ | कृषा क्षेत्री | ६१ | ६१ | प्रथम |
| ११६ | १ | ६७६५१ | जेनी शाक्य | ८५ | ८५ | डिस्टिंक्शन |
| ११७ | १ | ६७६३७ | जेमिश पन्त | ५१ | ५१ | द्वितीय |
| ११८ | १ | ६७६८३ | जेनिका श्रेष्ठ | ६५ | ६५ | प्रथम |
| ११९ | १ | ६७६२९ | इशा बि मगर | ६५ | ६५ | प्रथम |
| १२० | १ | ६७६७१ | इशा भट्टराई | ४९ | ४९ | द्वितीय |
| १२१ | १ | ६७६७४ | रेञ्जेन लामा | ४६ | ४६ | द्वितीय |
| १२२ | १ | ६७६७५ | बिल्ना देउवा | ५८ | ५८ | द्वितीय |
| १२३ | १ | ६७६८० | अरहम राफे | ५९ | ५९ | द्वितीय |
| १२४ | १ | ६७६६७ | अकीला शाक्य | ५७ | ५७ | द्वितीय |
| १२५ | १ | ६७७७६ | अञ्जु भुसाल | ८० | ८० | डिस्टिंक्शन |
| १२६ | १ | ६७६२३ | अमन पौडेल | ४६ | ४६ | द्वितीय |
| १२७ | १ | ६७७०८ | अकेशा श्रेष्ठ | ६४ | ६४ | प्रथम |
| १२८ | १ | ६७७८१ | आइशा शैक | ५३ | ५३ | द्वितीय |
| १२९ | १ | ६७७०७ | अबिक घिसिङ्ग | ६१ | ६१ | प्रथम |
| १३० | १ | ६७६४९ | आयुष्मा खड्का | ५५ | ५५ | द्वितीय |
| १३१ | १ | ६७६१४ | आरुष पन्त | ४८ | ४८ | द्वितीय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३२ | १ | ६७६३४ | आरिक सुवाल | ५६ | ५६ | द्वितीय |
| १३३ | १ | ६७६१० | आरभ न्यौपाने | ४६ | ४६ | द्वितीय |
| १३४ | १ | ६७६८६ | आरम्भ अधिकारी | ६१ | ६१ | प्रथम |
| १३५ | १ | ६७६५८ | अम्बिका अधिकारी | ४९ | ४९ | द्वितीय |
| १३६ | १ | ६७७७९ | आदर्श पोखरेल | ५७ | ५७ | द्वितीय |

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**दि. विश्वतारा मानन्धर**
कालिमाटी-१४

*जन्म :*
बि.सं. १९९६ जेठ १६ गते

*दिवंगत :*
बि.सं. २०८० वैशाख २९ गते

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य
**विश्वतारा मानन्धरको** असामयिक निधन भएको छ ।
यस दुःखद् क्षणमा उहाँका परिवारले
बुद्ध शिक्षानुसार संसारको अनित्य दुःख र अनात्म त्रिलक्षण
स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् भन्ने कामना
गर्दछौं । यसको साथै उपासिका
विश्वताराको परलोक जीवन सुगतिमय भई निर्वाणको हेतु
प्राप्त होस् भन्ने कामना गरी पुण्यानुमोदन गर्दछौं ।
भवतु सब्ब मंगलम् ।

**धर्मकीर्ति पत्रिका परिवार**
**धर्मकीर्ति विहार**
**श्रीघः नःघ, काठमाडौं**




***पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु***
***पुण्य (कुशल कर्म) गर्दै जानु ।***
***आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥***
***यही नै बुद्धको उपदेश हो ।***

**बिश्व मोटर ट्रेडर्स**
अनूर सुन्दर तुलाधर, सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल । मोवाइलः ९८५१०५११३१, ९८५१०५११४७
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

## एक दिवसिय ध्यान शिविर



*एक दिवसिय ध्यान शिविरमा सहभागी गुरुमांहरू ध्यान गुरु उ सुजनपिय समक्ष*

२०८० वैशाख ३१ गते । प्रव्रजित गुरुमांहरूको संघको कार्यक्रम अन्तर्गत प्रत्येक महिनाको अन्तिम दिन एक दिवसिय शिविर रत्न विपश्यना ध्यान केन्द्र सानोभऱ्याङ्गमा सञ्चालन गरियो । ध्यान शिविरमा ध्यान ओवाद निर्देशन वर्मी सयादो श्रद्धेय ऊ सुजनपिय महास्थविरले गर्नुभएको थियो भने अनुवाद श्रद्धेय निर्मलञाणी गुरुमांले गर्नुभएको थियो । उक्त कार्यक्रममा श्रद्धेय निर्मलञणी गुरूमांले भोजन प्रायोजन गर्नु भएको थियो । कार्यक्रममा जम्मा २० जना गुरूमांहरू सहभागी रहेको थियो ।

सहभागी गुरुमांहरूको नामावली –

(१) अनुपमा (२) ञाणवती (३) निर्मलञाणी (४) नन्दावती (५) कुसुम (६) वीर्यवती (७) शुभवती (८) वजिरा (९) अमता (१०) पदमावती (११) चम्पावती (१२) धम्मञाणी (१३) धम्मधज (१४) नन्दावती (१५) मासरा (१६) अनुष्मा (१७) कुसलञाणी (१८) भद्दञाणी (१९) सारवती (२०) श्रद्धाचारी

कार्यक्रमको अन्तमा दानप्रदान र पुण्य अनुमोदन गरी श्रद्धेय ञाणवती गुरूमांले धन्यवाद ज्ञापन सहित एक दिवशिय शिविरमा सहभागिताको लागि अनुरोध गर्नु भएको थियो । ध्यान कार्यक्रमको संयोजन नन्दावती गुरुमां र वजिरा गुरुमांले गर्नु भएको थियो । ■

## दशौं राष्ट्रिय ज्ञानमाला सम्मेलन

*२०७९ चैत्र १८ गते, बनेपा ।*

बुद्ध जन्मभूमी नेपालमा सहज एवं सशक्त ढंगबाट बुद्ध शिक्षा प्रचार प्रसार गर्नको लागि २०५१ चैत्र १८गते स्थापना गरिएको “नेपाल राष्ट्रिय ज्ञानमाला समिति” ले देशभर सञ्चालन भइरहेको ज्ञानमाला भजन समूहहरूलाई एक छातामुनि संगठित गरी प्रत्येक ३/३ वर्षमा उपत्यका भित्र विभिन्न जिल्लामा “राष्ट्रिय ज्ञानमाला सम्मेलन” आयोजना गर्दै आइरहेको थियो । यही क्रममा यसपटक काभ्रे जिल्लाको बनेपा स्थित वाङ्ख्यः ज्ञानमाला भजन खलःको व्यवस्थापनमा दशौ राष्ट्रिय ज्ञानमाला सम्मेलन सम्पन्न भएको समाचार छ ।

नेपाल राष्ट्रिय ज्ञानमाला समितिका अध्यक्ष रमना श्रेष्ठबाट उद्घाटन भएको उक्त कार्यक्रम महासचिव इन्द्रमुनी शाक्यले सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा विभिन्न क्षेत्रिय समितिका संयोजकहरूबाट आ-आफ्ना क्षेत्रका गतिविधि प्रस्तुत गर्नुभयो भने कोषाध्यक्ष राजभाई शाक्यले आर्थिक प्रतिवेदन पेश गर्नुभएको थियो । यसरी नै सल्लाहकार किरण कुमार जोशीले समितिको स्थापनाकाल देखि आजसम्मको गतिविधि प्रस्तुत गर्नुभयो ।

अध्यक्ष रमना श्रेष्ठले दशौं राष्ट्रिय सम्मेलन काभ्रे जिल्ला बनेपा स्थित वांख्यो ज्ञानमालाको तर्फवाट भव्यरुपमा सञ्चालन गर्न सहयोग पुऱ्याउनुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । ■

# २५६७ औँ वैशाख पूर्णिमा महोत्सव

२५६७ औं वैशाख पूर्णिमा महोत्सब नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा भव्यताका साथ मनाइएका समाचारहरू प्राप्त भएका छन् । ती मध्ये केही स्थानहरूमा सम्पन्न कार्यक्रमहरूको संक्षिप्त विवरण यहाँ उल्लेख गरिएका छन् –

१) **आनन्दकुटी विहार स्वयम्भू :**

आनन्दकुटी विहार स्वयम्भूमा सम्माननिय उपराष्ट्रपति राम सहाय प्रसाद यादवको प्रमुख अतिथित्त्वमा बुद्ध जयन्ति समारोह समिति २०७९ को आयोजनामा २५६७ औं वैशाख पूर्णिमा महोत्वस सम्पन्न गरिएको छ ।

बुद्धजयन्ती समारोह समिती २०७९ का अध्यक्ष भिक्षु प्रज्ञामूर्ति महास्थविरको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा उहाँले अनुवाद गर्नुभएको पुस्तक असिति महाश्रावक श्राविका पुस्तक प्रमुख अतिथीद्वारा विमोचन गरिएको थियो । कार्यक्रममा अतिथीहरू भिक्षु कौण्डञ्ञ, काठमाडौं महानगर पालिकाका उपमेयर सुनीता डंगोल आदिबाट बुद्ध र बुद्ध शिक्षाको महत्व विषयमा मन्तव्य व्यक्त गर्नुभएका थिए । स्मरणिय छ बैशाख पूर्णिमाको दिन आनन्दकुटी विहारमा अवस्थित श्रीलंकाराम चैत्यमा राखिएको पवित्र बुद्ध अस्तिधातु दिन भर जनसाधारणलाई दर्शन गराउन प्रदर्शन गरिन्छ ।

२) **पवित्र अस्थिधातु शोभा यात्रा :**

हरेक ३ वर्षको १ पटक वैशाख पूर्णिमाको दिन पवित्र बुद्ध अस्थिधातु रथमा राखी शोभायात्रा गर्ने प्रचलन अनुसार यसपालि पनि शोभायात्रा धुमधामसाथ मनाइयो । कोरोना रोगको कारणले बिचमा रोकिएको यस कार्यक्रम यसपाली वडो हर्षोल्लासका साथ मनाइएको देखिन्छ । विभिन्न संघसंस्थाहरूले आ-आफ्ना व्यानरहरू बोकी बाजागाजाका साथ हजारौं नरनारीहरूले भाग लिएको उक्त शोभायात्राले भगवान बुद्ध प्रति नेपाली जनताको श्रद्धा छर्लङ्गिएको छ । यस श्रद्धा अनुसार बुद्ध शिक्षालाई आफ्नो जीवनको दैनिक बानी व्यवहारमा पनि प्रयोग गर्दैलान सकेमा भगवान बुद्ध प्रति दर्शाइएको यस भक्तिले सार्थकता पाउने देखिन्छ ।

३) **अतलखुबही काठमाडौं :**

वैशाख १६ गते । यसदिन २५६७ औं बैशाख पूर्णिमा दिवसको उपलक्षमा अतलखुबही महिला समूहबाट वर्षेनी मनाउँदै आइरहेको कार्यक्रमलाई निरन्तरता दिई बुद्ध पूजा परित्राण पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको छ । धर्मकीर्ति विहार विहारबाट वीर्यवती गुरुमां र शुभवती गुरुमां सहभागी हुनुभएको यस कार्यक्रममा, वीर्यवती गुरुमांले बुद्ध पूर्णिमा महोत्सवको महत्त्व विषयमा धर्मदेशना गर्नुभएको थियो ।

पञ्चशील प्रार्थना, बुद्धपूजा, परित्राण पाठ एवं धर्मदेशना पश्चात् पुण्यानुमोदन गरी दानप्रदान पश्चात् कार्यक्रम सम्पन्न गरिएको थियो ।

(४) **धर्मकीर्ति विहार**

*२०८० वैशाख २२, धर्मकीर्ति विहार धम्महल ।*

२५६७ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा यसदिन धर्मकीर्ति विहारमा बुद्धपूजा पश्चात् श्रद्धेय धम्मवती गुरूमांबाट बुद्ध पूर्णिमाको शाक्य मुनि बुद्धको जीवनी संग जोडिएका ५ वटा संयोगहरू जुरेको विषयमा विश्लेषण गर्नुहुँदै धर्मदेशना गर्नु भएको थियो ।

यही दिन धर्मकीर्ति विहारको आयोजनामा वर्षेनि अस्पतालहरूमा विरामी व्यक्तिहरूको सिध्र स्वास्थ्यलाभको कामना गरी विस्कुट, पानी, टिस्यूपेपर, पेय पदार्थ आदि प्रसाद वितरण गर्दै आईरहेको कार्यक्रमलाई पनि निरन्तरता दिइएको थियो ।

रक्तदान– २५६७ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहार स्वास्थ्य कमिटीको आयोजनामा वर्षेनि संचालन गर्दै आईरहेको रक्तदान कार्यक्रम यस पालि पनि बैशाख १६ गते शनिवार सम्पन्न गरियो । स्मरणिय छ यसपाली धर्मकीर्ति विहारले ४० औं पटकको रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । मचाकाजी महर्जनको संयोजकत्त्वमा सञ्चालित यस कार्यक्रममा १५ जना महिलाहरू लगायत १६ जना पुरुषहरूले रक्तदान गर्नु भएका थिए । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी केन्द्रिय रक्तसञ्चार सेवा ताहाचलबाट प्राविधिक सहयोग पुऱ्याइएको थियो भने अन्य आवश्यक सहयोगको लागि धर्मकीर्ति विहारका स्वयं सेवकहरू खटिएका थिए ।

यस समाचारको विस्तृत विवरण वैशाख पूर्णिमा स्वाँया पुन्ही वर्ष ४१, अङ्क मा प्रस्तुत भइसकेको पनि जानकारी गराउँछौ । ■

# दुर्लभ प्रव्रज्या कार्यक्रम सम्पन्न

*नगदेश बुद्ध विहार, थिमी ।*

शाक्यमुनी बुद्धको २५६७ औं महापरिनिर्वाण दिवस एवं २५६७ औं बुद्ध सम्बतलाई स्मरण गरी नगदेश बुद्ध विहार थिमीको आयोजनामा मिति २०८० वैशाख १८ देखि २२गते सम्मका लागि पाँच दिने दुर्लभ प्रव्रज्या कार्यक्रम सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार उक्त दुर्लभ प्रव्रज्या कार्यक्रममा १जना उपासिका दुर्लभ गुरुमां प्रव्रजित हुनुभको थियो भने अन्य १८ जना उपासिकाहरू दुर्लभ ऋषिणी प्रव्रजित हुनु भएका थिए। धर्मकीर्ति विहार निवासी गुरुमाहरू केशावती र खेमावतीको संयोजकत्त्वमा संचालित उक्त कार्यक्रममा थाइलैण्ड निवासी ओमदुगन गुरुमांबाट २९ जना सहभागी उपासिकाहरूलाई दशशील प्रार्थना गर ाउनु भएको थियो। ती मध्ये एकजनालाई केश क्षवर गरी उहाँले प्रव्रजित गुरुमां वस्त्र प्रदान गर्नुभयो भने अन्य २८ जना उपासिकाहरूलाई ऋषिणी प्रव्रज्या वस्त्र प्रदान गर्नु भएको थियो।

यसरी उक्त दुर्लभ प्रव्रज्या कार्यक्रममा प्रव्रजित भई पुण्य सञ्चय गर्नुभएको उपासिकाहरूको गृहस्थ नाम र प्रव्रजित नाम यसरी रहेको छ।

| क्र. सं. | गृहस्थ नाम | प्रवजित नाम |
|---|---|---|
| गुरुमां प्रव्रज्या | | |
| १. | पद्मतारा शाक्य | दानपारमी |
| ऋषिणी प्रव्रज्या | | |
| १. | हरीमाया कोजु | शीलपारमी |
| २. | तुलसीमाया बाडे | नेक्खमीपारमी |
| ३. | कान्छीमाया बुढा | प्रज्ञा पारमी |
| ४. | असलमाया प्रजापति | वीर्यपारमी |
| ५. | पुण्यदेबी धजु | क्षान्ति पारमी |
| ६. | पंखमाया तको | सत्य पारमी |
| ७. | हरीदेबी धजु | उपेक्खा पारमी |
| ८. | इश्वरीमाया बाडे | मैत्री पारमी |
| ९. | तरीमाया सिंकेमन | अधिष्ठान पारमी |
| १०. | अष्टमाया वैद्य | सद्धावती |
| ११. | सरस्वती महर्जन | शीलवती |
| १२. | पूर्णमाया बाडे | हिरीवती |
| १३. | गणेशमाया तको | ओतप्पवती |
| १४. | तुईनानी बाडे | पञ्ञावती |
| १५. | सितीनानी वैद्य | पञ्ञावती |
| १६. | बसुन्धरा महर्जन | प्रीतिवती |
| १७. | कान्छीमाया नाय:जु | समाधीवती |
| १८. | पूर्णकेशरी हाँयजु | संघवती |
| १९. | कृष्ण माया बाडे | रम्मावती |
| २०. | मायादेवी दुवाल | सुरम्मावती |
| २१. | कान्छीमाया खिचाजु | कित्तिवती |
| २२. | गणेश नानी धजु | सारवती |
| २३. | गणेश नानी छाँय्जु | भावनावती |
| २४. | रत्ननानी बाडे | स्मृतिवती |
| २५. | मनोहरा स्थापित | ध्यानवती |
| २६. | उज्ज्वल तुलाधर | सुमनावती |
| २७. | विजया तुलाधर | शोभावती |
| २८. | नानी शोभा मानन्धर | भद्रावती |

साथै वैशाख पूर्णिमा एवं स्वांया पुन्हीको उपलक्ष्यमा नगदेश बुद्धं विहार परियत्ति केन्द्रमा अध्ययनरत परियत्तिका विद्यार्थीहरू सहभागी भएको एक टोलीलाई मैत्री, करुणा, मुदिता र उपेक्षा ४ समूहमा विभाजन गरी उनीहरू बिच बौद्ध हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम संचालन गर्नुका साथै वक्तृत्त्वकला, बुद्धपूजा, धर्मदेशना कार्यक्रम पनि संचालन गरियो। यसरी नै २५६७ औं महापरिनिर्वाण दिवसको उपलक्ष्यमा शाक्यमुनी बुद्धको प्रतिमा सजाँइएको खटमा राखी सांस्कृतिक बाजा गजा सहित ज्ञानमाला भजन गाउँदै नगर परिक्रमा गरिएको विषय पनि प्राप्त समाचारमा उल्लेख गरिएको छ। ■



# अन्तर्राष्ट्रिय भिक्षुणी संघ पाखें देबदहलय् दय्कूगु यशोधरा विहारयात भिद्धः व वस्वयाः अपो चन्दा ब्यूपिं दातापिनि नां धलः

प्रस्तुति : ज्ञाणवती गुरुमां


### शिलापत्र नं १७

| क्र. | नाम, थर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | लक्ष्मी नानी शाक्य | प्रयाग पोखरी ल.पु. | १५,०००।– |
| २ | अञ्जना वैद्य | स्वँय | २५,०००।– |
| ३ | हिराकाजी अवाले | ग्वार्को, ल.पु. | १५,०००।– |
| ४ | डा.केशरी मानन्धर | बखुण्डोल | १,००,०००।– |
| ५ | तीर्थ माया तामाङ्ग | जोरपाटी | १५,०५०।– |
| ६ | स्व.आश माया शाक्य | चाकुपाट, ल.पु. | १०,०००।– |
| ७ | स्व.कयो शाक्य | चाकुपाट, ल.पु. | १०,०००।– |
| ८ | पञ्चमाया बज्राचार्य | बुबहाल, ल.पु. | १०,०००।– |
| ९ | सानुमान, चन्द्रदेबी शाक्य | पकनाजोल, काठमाडौं | १०,०००।– |
| १० | सुशीला वज्राचार्य | भक्तपुर, इताछें | १२,०००।– |
| ११ | राधा नकर्मी | पुतली सडक, काठमाडौं | ११,१११।– |
| १२ | काजी बहादुर, रत्नेश्वरी शाक्य | मनभवन ल.पु. | ५०,०००।– |
| १३ | विश्वमान वज्राचार्य | पाल्पा, तानसेन | २५,११५।– |
| १४ | डा. भूवनेश्वरी वज्राचार्य | ललितपुर | १०,१०८ |
| १५ | लोक बहादुर, पुन माया शाक्य | ह:खा, ललितपुर | १०,०००।– |
| १६ | पूर्ण देबी शाक्य | सिञ्चा हिटी ल.पु. | १३,०००।– |
| १७ | जगत राज शाक्य | कुमारी पार्टी, ल.पु. | ५५,५८०।– |
| १८ | सर्मीला शाक्य | नयाँ बजार | १५,०००।– |
| १९ | मोहन लाल शाक्य | न्हू बहाल | २०,०००।– |
| २० | नानी मैंया मानन्धर | नयाँ बजार | २५,०००।– |
| २१ | दिल बहादुर शान्ति शाक्य | ह:खा | १०,५००।– |
| २२ | आनन्द सिद्धि वज्राचार्य | लाजिम्पात, काठमाडौं | २५,०००।– |
| २३ | मिलन शाक्य | चकुपात, ल.पु. | १०,०००।– |
| २४ | रत्न लाल महर्जन | कुछें ननी, ल.पु. | १०,०००।– |
| २५ | तेज बहादुर शाक्य | जाउलाखेल ल.पु. | १३,३३३।– |
| २६ | सुरेश वज्राचार्य | बन बहाल | २०,०००।– |
| २७ | डा.आदर्श सिद्धि वज्राचार्य | U.S.A. | १२,०००।– |
| २८ | श्रृजना वज्राचार्य | U.S.A. | १२,०००।– |
| २९ | सुमिता शाक्य | U.S.A. | १२,०००।– |

### शिलापत्र नं १८

| क्र. | नाम, थर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | रश्मि शाक्य | U.S.A. | १२,०००।– |
| २ | स्मोनि शाक्य | U.S.A. | १२,०००।– |
| ३ | मदन बहादुर, ज्ञानेश्वरी शाक्य | गाबहाल | ११,५००।– |
| ४ | डा.केशरी वज्राचार्य | पानी पोखरी, काठमाडौं | २५,०००।– |
| ५ | चक्ररत्न, अरुणा शाक्य | धपगाल वडा नं. १६ | ११,१०५।– |
| ६ | मदन तुलाधर | | ११,०००।– |
| ७ | शोभा मंगल , लक्ष्मी वज्राचार्य | गाबहाल ल.पु. | १०,००५।– |
| ८ | आकर्श सिद्धि वज्राचार्य | U.S.A. | १२,०००।– |
| ९ | योग, रत्न वज्राचार्य | गाबहाल, ल.पु. | १०,०००।– |

| | | | |
|---|---|---|---|
| १० | डा. मनिषा वज्राचार्य | पाटन | १०,०००।– |
| ११ | स्व. काजीरत्न, नानीमाया वज्राचार्य | सानेपा, ल.पु. | १०,०२५।– |
| १२ | शान्ति शाक्य | वालुवाटार, काठमाडौं | १५,०००।– |
| १३ | कमला शाक्य | सानेपा, ले.पु. | १५,०००।– |
| १४ | रामबहादुर, अमृता तामाङ्ग | सोलुखुम्बु | १०,०००।– |
| १५ | स्व.भष्मी श्रेष्ठया नाम विष्णुदास श्रेष्ठ | धोबिचौर | १२,३४५।– |
| १६ | पुष्प देव शाक्य | थैना, ल.पु. | १०, ५००।– |
| १७ | दिल केशरी शाक्य | सातदोबाटो, ल.पु. | १०,०००।– |
| १८ | महिला जागृत वचत समूह | सातदोबाटो, ल.पु. | १०,१००।– |
| १९ | आशारत्न, मनोहरा शाक्य | सातदोबाटो, ल.पु. | १०,५००।– |
| २० | शान्तिवती गुरुमां | पद्मचैत्य विहार, बुटवल | १०,०००।– |
| २१ | इन्दुदेवी वज्राचार्य | बुटवल | १०,०००।– |
| २२ | रोजिना देबी बज्राचार्य | बुटवल | १०,०००।– |
| २३ | सूर्य माया कंसाकार | बुटवल | १०,०००।– |
| २४ | स्व पद्मानन्द शाक्य या नामं बोधिमाया शाक्य | ओकुबहाल, ल.पु. | १०,००५।– |
| २५ | शीलवती गुरुमां | नरसिंहाराम विहार ल.पु. | १०,५००।– |
| २६ | राधा नकर्मी सपरिवार | पुटली सडक | २५,५५५।– |
| २७ | बुद्ध प्रार्थना समूह | सिद्धिपूर–६ | १५,०००।– |
| २८ | नीलम शाक्य | मैत्री देबी | १०,०००।– |



## हाम्री प्यारी अजिमामा (हजुर आमा)

भगवान, बुद्धले सिकाउनु भएको छ, असल मानिसहरूको मनमा मात्र मैत्री, करुणा, मुदिता र उपेक्षा आदि ४ वटा असल गुणहरू हुन्छन् । हाम्रा आमा बुबा, बाजे बज्यैले आफ्ना सन्तानहरू उपर यी गुणहरूले सम्पन्न भई माया गर्छन् । मेरी प्यारी अजिमामा लक्ष्मीनानीले पनि हामीलाई यसरी नै माया गर्नुहुन्छ । उहाँ १९९० सालको भूकम्पमा १० वर्षकी हुनुभएको थियो भने २०७२ सालको भूकम्पमा ९२ वर्षको हुनुहुन्थ्यो । लगभग १००वर्ष को उमेरमा हाम्रा अजिमामा हामीलाई छोडेर अर्कैलोकमा जानुभयो । उहाँले हामीलाई गर्ने माया स्नेहलाई हामीले कदापिं विर्सन सकेनौं । उहाँ आकाशका तारा भएर चम्किरहोस् भनी बुद्धपूजा गरिरहेका छौं । पुण्यानुमोदन पनि गरिरहेका छौं ।

✍ **याश्रीका प्रधान, कक्षा- ६**
निसर्ग वाटिका स्कुल

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

दाताहरू–
(१) विकाश शाक्य, वटु – रू. ९००।–
(२) विमला मानन्धर, चिकंमुगल – रू ५००।–

## धर्मकीर्ति पत्रिका विशेष सदस्य

*क्र.सं. ९४३*
**रामदेवी मानन्धर**
पशुपति तीलगंगा, काठमाडौं ।
रू. २०००।–

*क्र.सं. ९४४*
**सुस्मिता शाक्य**
राजकीर्ति गत्रनगञ्ज महाविहार
कुथुवही-७, काठमाडौं ।
रू. २०००।–

*क्र.सं. ९४५*
**पञ्चलक्ष्मी शाक्य**
बनेपा
रू. २०००।–

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| क्र. सं. | २०८० साल | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | वैशाख १५ गते, शुक्रवार अष्टमी | सुवण्णवती | सुवण्णवती |
| २ | वैशाख २२ शुक्रवार, बुद्ध जयन्ति, स्वाँया पुन्हि | पञ्ञावती | धम्मवती |
| ३ | वैशाख ३० गते, शनिवार अष्टमी | दानवती | त्यागवती |
| ४ | जेठ १ गते, सोमवार संक्रान्ति | जवनवती | जवनवती |
| ५ | जेठ ५ गते, शुक्रवार औंशी | केशावती | केशावती |


## वीर अस्पताल र ट्रमा सेन्टरमा प्रसाद वितरण

२०८० वैशाख २२ गते २५६७ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारबाट प्रत्येक वर्ष वीर अस्पताल र ट्रमा सेन्टरमा प्रसाद प्रदान गर्दै आइरहेको कार्यक्रम अनुसार यस वर्ष पनि २८५ जना विरामीहरूलाई विस्कुट, टिस्यु पेपर, जुस, पानी प्रदान गरियो ।

धर्मकीर्ति विहारका गुरुमांहरू र उपासक उपासिकाहरूले सश्रद्धा प्रदान गरेको रकमवाट सामाग्री किनेर दान गरेको थियो । वितरण कार्यक्रममा धर्मकीर्ति विहारका गुरुमांहरू र उपासक उपासिकाहरू सहभागी भएको थियो । ■





*प्रसाद वितरण कार्यक्रममा सहयोग पुऱ्याउनुहुँदै गुरुमांहरू लगायत स्वयंम सेवकहरू*






*धर्मकीर्ति विहारबाट २५६७ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा वीर अस्पताल र ट्रमा सेन्टरमा विरामीहरूको सुस्वास्थ्यको कामना गर्दै प्रसाद वितरण*

# Lama Zopa Rinpoche को पुण्यस्मृतिमा परित्राण पाठ



*कपन गुम्बामा परित्राण पाठ कार्यक्रममा सहभागी हुनुभएका गुरुमांहरू*

*२०८० जेठ ९ गते, मंगलवार*
*स्थान- कपन गुम्बा, काठमाडौं*

यसदिन अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपाल (International Nuns Association Nepal) को तर्फबाट कपन गुम्बामा Lama Zopa Rinpoche को पुण्य स्मृतिमा परित्राण पाठ एवं पट्ठान पाठ गरी उहाँको सुगति कामनाका साथ उहाँको बोधिसत्व चर्याको सफलता कामना गरी पुण्यानुमोदन गरियो । यसदिन उहाँ दिवंगत हुनुभएको ४१ औं दिन भइसकेको बुझिएको छ ।

Lama Zopa बाट बोधिसत्व चर्या पालन गर्नुहुँदै मानव समुदायले आफ्नो जीवन सुखपूर्वक बिताउने विद्यालाई बुद्ध शिक्षानुसार सिकाउने क्रममा थुप्रै पुस्तकहरू र लेख रचनाहरू प्रकाशन गरी कीर्ति छोड्न सफल हुनुभएको देखिन्छ । यसको साथै सयौं शिष्य शिष्याहरूका लागि चतुप्रत्यय (आधारभूत आवश्यकता) पुऱ्याउने कार्यमा पनि दत्तचित्त रहनुभई महत्वपूर्ण योगदान पुऱ्याउन सफल हुनुभएको बुझियो ।

मानव समुदायको लागि मात्र नभई पशुपंक्षीहरूको लागि पनि स्वतन्त्रपूर्वक जीउन पाउने मौका प्रदान गर्नको लागि कतिपय पशुपंक्षीहरूलाई अभय दान दिनु भएको कुरा पनि बुझियो । ■

## आवरण चित्र परिचयको बाँकी अंश ... ...

धर्मसंवेग उत्पन्न गराउन "अत्तदण्ड सुत्त" पनि देशना गर्नुभयो । झगडालु र द्वेषी मानिसहरूको संसारमा कुनै सारत्व प्राप्त गर्न असमर्थ जन्म मरण चक्रमा नै घुमिरहने भएकोले द्वेषभाव त्यागी छिट्टै तृष्णालाई प्रहाण गरेर निर्वाण प्राप्त गर्ने मार्गको देशना गर्नुभयो । तथागत बुद्धको अमृतमय देशना सुनेर कोलिय र शाक्य राजाहरू बीच मनमा संवेग उत्पन्न भएर कलह विवादलाई त्यागेर बुद्धको शरणमा गई दुवै तर्फबाट ५०० जना व्यक्तिहरू प्रव्रजित भए ।

५०० जना प्रव्रजित भइसकेपछि ती नवक प्रव्रजितहरूको चित्त एकाग्र गर्न उनीहरूलाई आफ्नो ऋद्धिद्वारा कुणालदह लानुभयो र पछि कपिलवस्तु महावनमा नै फर्केर आउनुभयो । त्यसपछि भगवान् बुद्धले कर्मस्थान ध्यान, विपश्यना ध्यान सिकाउनुभयो । त्यसलाई महत्व दिई ध्यान वृद्धि गरेर उनीहरूले प्रतिसम्भिदा सहित अर्हत फल प्राप्त गरे ।

कपिलवस्तुको महावनमा तथागत बुद्धले ५०० जना प्रतिसम्भिदा सहित अर्हत भिक्षुहरूलाई महासमय सूत्र देशना गर्नुभएको थाहा पाएर १० हजा चक्रवालबाट देवब्रह्माहरू समागम हुन आए । मनुष्यसहित देवब्रह्माहरूले यथासक्य छिट्टै क्लेश प्रहाण गर्न सकुन् र

*( क्रमशः पेज १९ मा हेर्नुहोला )*

# डा. अनोजा गुरुमांको अन्त्येष्ठी

*२०८० जेठ ५ गते*

*स्थान- सुलक्षणकीर्ति विहार, चोभार*

Nepal NUNS Association Nepal का सचिव, सुलक्षणकीर्ति विहारका प्रमुख महासद्धम्म जोतिक धज श्रद्धेय डा. अनोजा गुरुमांको अन्त्येष्ठी कार्यक्रम सम्पन्न गरियो ।

वि.सं. २०११ साल श्रावण ३ गते, माता रत्नमाया मानन्धर र पिता हरिप्रसाद मानन्धरको कोखबाट बनेपा स्थित दक्षुटोलमा जन्मनु भएकी शारदा मानन्धर वि.सं. २०२७ साल कार्तिक ८ गते वाराणसी स्थित विहारमा सयादो उ कित्तिमा भन्तेको उपाध्यायत्वमा प्रव्रजित हुनुभयो ।

स्मरणिय छ डा. अनोजा गुरुमां धम्मवती गुरुमांको शिष्य भई उहाँको छत्रछायामा रहनुभई धर्मकीर्ति विहारको आवासिय गुरुमांको रूपमा रही बुद्ध शिक्षा अध्ययन गर्नुभयो ।

त्यसपछि शिक्षा अध्ययनको शिलशिलामा उहाँ वाराणसी स्थित सम्पूर्णानन्द सँस्कृत विश्वविद्यालयबाट बुद्ध शिक्षामा विद्यावारिधी गर्नुभयो ।

राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा बुद्ध शिक्षा प्रचार प्रसार गर्ने सिलसिलामा उहाँले सर्वप्रथम धर्मकीर्ति विहारको शाखा चोभार स्थित सुलक्षणकीर्ति विहार स्थापना गर्नुभई बुद्ध शिक्षा प्रचार प्रसार कार्यमा जुट्नुभयो । उहाँले सन् २०१६ सालमा म्यानमार सरकारबाट 'महासद्धम्म जोतिकधज' उपाधिबाट विभूषित हुनुभयो । उहाँ हालसालै देवदहमा निर्माण भइरहेको यशोधरा विहार निर्माण समितिको अध्यक्ष हुनुहुन्छ ।

बुद्ध ज्योति अन्तर्राष्ट्रिय संघ नेपालका संस्थापक अध्यक्ष एवं वरिष्ठ सल्लाहकार डा. अनोजा गुरुमां चोभार स्थित अनाथ स्कूलका संरक्षक पनि हुनुहुन्छ ।

बुद्ध शासन क्षेत्र, समाजसेवा क्षेत्र, स्वास्थ्य क्षेत्र, साहित्यिक क्षेत्र आदि विविध क्षेत्रमा योगदानको छाप छोड्न सफल उहाँ गुरुमां अनोजाले समय समयमा सुलक्षणकीर्ति विहारमा स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै नेपालमा जहाँ प्राकृतिक प्रकोपको कारणले दुःखी जनसमुदायमा पुगी गाँस, वास र लत्ता कपडा उपलब्ध गराउने कार्यमा अग्रसर रहनुहुन्थ्यो ।

परियत्ति शिक्षा अध्यापन, धर्मदेशनाका साथै शैक्षिक क्षेत्रमा चासो राख्नुहुने डा. अनोजा गुरुमांले सुलक्षणकीर्ति कलेज पनि स्थापना गर्नुभएको बुझिएको छ ।

क्यान्सर रोगको उपचार क्रममा मेडिसिटी अस्पतालमा स्वास्थ्योपचार सेवा लिइरहनु भएकी गुरुमां अनोजा मिति २०८० जेठ ३ गते १ बजेर २२ मिनेट जाँदा निधन हुनु भएको बुझिएको छ ।

उहाँको पार्थिव शरीरलाई सुलक्षणकीर्ति विहारमा जेठ ३ देखि ५ गतेसम्म अन्तिम दर्शनार्थ राखियो । त्यतिञ्जेल डा. अनोजा गुरुमांले बुद्ध शासन क्षेत्र, समाजसेवा क्षेत्र एवं शैक्षिक क्षेत्रमा पुऱ्याउनु भएको अतुलनिय योगदानलाई कदर गरी भिक्षु महासंघ, प्रव्रजित गुरुमां संघ लगायत महायानी गुरु, वज्रयानी गुरुजु संघको तर्फबाट पनि उहाँको परलोक जीवनमा सुगति एवं निर्वाण हेतुको कामना गरी पाठ गरियो ।

यसरी नै जेठ ५ गते शुक्रवारका दिन प्रीति गुरुमांले सञ्चालन गर्नुभएको डा. अनोजा गुरुमां अन्त्येष्ठी कार्यक्रममा श्रद्धेय भिक्षु शिलभद्रले पञ्चशील प्रार्थना गराउनु भएको थियो भने अम्बिका गुरुमांले डा. अनोजा गुरुमांको जीवनी प्रस्तुत गर्नुभयो । सो पश्चात् अनोजा गुरुमांप्रति श्रद्धाञ्जली मन्तव्य प्रस्तुत गर्नुहुने व्यक्तित्वहरू यसरी हुनुहुन्छ –

१) अखिल नेपाल भिक्षु महासंघका सचिव श्रद्धेय भिक्षु निग्रोध महास्थविर
२) निवर्तमान महासचिव भिक्षु कौण्डञ्य महास्थविर
३) अन्तर्राष्ट्रिय भिक्षुणी संघका सहसचिव श्रद्धेय विमलञाणी गुरुमां
४) BLIA ताइवान Head Quarter फोक्वानसान् बाट पाल्नुभएका भिक्षुणी म्येऊ रु
५) उपासक देवकाजी शाक्य

कार्यक्रममा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका विभिन्न संघ संस्थाहरूबाट डा. अनोजा गुरुमांको पुण्य स्मृतिमा पठाइएका श्रद्धाञ्जलीहरू बारे पनि अवगत गराइयो । त्यसपछि दिवंगत गुरुमां अनोजाको पुण्यस्मृतिमा उहाँको सुगति एवं निर्वाण हेतुको कामना गरी भिक्षु महासंघ लगायत प्रव्रजित गुरुमांहरूबाट सामूहिक रूपमा परित्राण पाठ सम्पन्न गरियो ।

कार्यक्रममा निवर्तमान मन्त्री कृष्णगोपाल श्रेष्ठ लगायत काठमाडौं महानगरपालिकाका उपमेयर सुनीता डंगोलबाट अनोजा गुरुमांको पार्थिव शरीरमा नेपालको राष्ट्रिय झण्डा ओढाई नेपाल सरकारबाट राष्ट्रिय सम्मान प्रदान गरियो ।

सो पश्चात् गुरुमां अनोजाको पुण्यस्मृतिमा भिक्षु महासंघलाई अष्टपरिष्कार दान गरी पुण्य सञ्चय गरियो ।

यसरी सञ्चित पुण्य दिवंगत अनोजा गुरुमांको पुण्य स्मृतिमा भिक्षु राहुल लगायत कार्यक्रममा सहभागी सबैले सामूहिक रूपमा पुण्यानुमोदन गरी पुण्य दान गरियो ।

कार्यक्रमको अन्त्यमा दिवंगत अनोजा गुरुमांको पुण्यस्मृतिमा उहाँका परिवारजन एवं शिष्याहरूको समूहले भन्ते गुरुमांहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गरियो ।

स्मरणिय छ, दिवंगत अनोजा गुरुमांले उहाँको शरीर चिकित्सा क्षेत्रका विद्यार्थीहरूले अध्ययन अनुसन्धान कार्यमा प्रयोग गर्न पावस् भनी धुलिखेल अस्पताललाई आफ्नो शरीर मरणोपरानत दान दिइराखेको हुनाले यसदिन उहाँको पार्थिव शरीर उक्त अस्पताललाई हस्तान्तरण गरियो ।


उहाँको पार्थिव शरीर धुलिखेल अस्पतालको गाडीमा राखी सुलक्षणकीर्ति विहार देखि त्रिभुवन विश्वविद्यालयको ढोकासम्म प्रव्रजित गुरुमांहरू लगायत हजारौं उपासकोपासिकाहरू बौद्ध झण्डा र अनोजा गुरुमांको फोटो सहितको ब्यानर लिई 'अनिच्चावत संखारा उप्पादवय, धम्मिनो उपज्जित्वा निरुज्झन्ति तेसं वूपसमो सुखो' गाथा उच्चारण गर्दै शवयात्रामा सहभागी भएका थिए । यसरी डा. अनोजा गुरुमांको अमूल्य योगदान स्मरण गर्दै उहाँलाई अन्तिम विदा गरी अन्त्येष्ठीकार्य समापन गरियो । ■

# रोग हराउने योग ब्यायाम

✍ बिद्याकुमारी वज्राचार्य

शरीरको नशा नशामा ढल जस्तै जम्मा भएको ।
धेरै जम्मा हुँदा हातगोडा खिया लागेर जाम हुने ।
शरीर एक मेशिन पो रहेछ सजिलो नभएको ।
जति चलाउँदा हिंडाउंदा सम्पूर्ण अङ्गहरू खुकिलो हुने ।
जब पेन्सन पाक्छ, तब विना काममा बेकारी भएको ।
फुर्सतको समय नै रोगले च्याप्दै लाने ।
शरीरलाई वेफुर्सत गर्नु शरीरलाई रोग नहुने उपाय ।
शरीर एक रोगको घर रोग नहुनलाई ओखनी नै योग हुने ।
चिकित्सकको भनाइहरूमा ओखती निरोग हुने ।
व्यायाम , योग प्राणायाम खुल्ला हावा घुम्ने
योगको आविष्कारक पतञ्जलि प्रमुख भएको ।
स्वास्थ्य नै प्रमुख धन बुझी योग गर्दा अझ असल हुने ।
विहान सवेरै उठी पानी खानाले पेट सफा भई निरोग हुने ।
शरीर चङ्गा, मन चङ्गा वातावरण चङ्गा भई स्वस्थ हुने ।
योग नै अनुशासन पञ्चशील पालन पनि योग भएको
विपश्यना ध्यान नै योग यही नै औषधी युक्त मूल उपाय हुने ।

# मदुगु खँ लुमना !



✍ कुसलज्ञाणी गुरुमां

मनूया जीवन थ्व, खुसी बाः थें
थौं खँ ल्हाना हे, कन्हे मदैगु रे ।
चीःहाकः गुली थ्व, अयनं सुनानं मचाः
थुकी हे न्त्याइपु, थुकि हे लयताः ॥
मदुगु खँ न्यनाः, दुःखी जुइगु नुगः
लुमंकी वया गुण, पासां व छ्यँ जः
प्यन्हु लिपा बुलुहुँ, म्हुना वनी लुमन्ती खँ
न्त्याई हाकनं व हे, न्हिं न्हिंया ज्या खँ ॥
जि काय्, जि म्ह्याय्, जि माँ अले जि बौ धकाः
लुमनाः मन ख्वया, तइ अले ताःहाकं झसुकाः ।
लिपालाय् धुंकल सीकि, इलय् छँ मचाः
गथे दत्तल्ले कुचाः, मदयेवं बिचाः॥
अनित्यया स्वभाव थ्व, क्षण क्षणय् पाना वनी
जिगु जिगु धाई तर, थःगु देह नं वानाः वनी ।
यायेगु छाय् उकिं, घमण्ड अले अभिमान
सिनां केवल कर्म हे, छगू ज्वना सकस्या समान ॥
यायेनु उकिं झी, पर उपकार याकनं
दुःख जक दुगु थ्व जन्म, काय्म्वाय्केत हाकनं ।
लोके म्वायेनु झी थ्व, जन्मया सार लुइकाः
कुशल कर्म यायेनु, आः बुद्धया ज्ञान थुइकाः ।

# Venerable Master Hsing Yun को पुण्यस्मृतिमा श्रद्धाञ्जली अर्पण

*२०८० जेठ २ गते*


*स्थान- निर्वाणमूर्ति किम्डोल विहार, स्वयम्भू*

फोक्वान्सान् टेम्पल ताइवानका गुरु श्रद्धेय माष्टर सिन युनको असामयिक निधन भएको सयदिन पुगेको छ । उहाँको बुद्धशासनिय योगदानलाई स्मरण गर्दै उहाँको पुण्यस्मृतिमा नेपाली शिष्याहरूको टोलीले निर्वाण मूर्ति किम्डोल विहारमा श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरिएको छ ।

कार्यक्रममा गुरुको पुण्यस्मृतिमा प्रव्रजित गुरुमां समूहबाट सामूहिक रूपमा बुद्धपूजा र परित्राण पाठ सम्पन्न गरियो । गुरु सिनयुनको बुद्ध शासनिक योगदानलाई स्मरण गर्नुहुँदै धम्मविजया गुरुमां, ञाणवती गुरुमां र रुपशीला गुरुमां आदिबाट श्रद्धाञ्जली मन्तव्य व्यक्त गरिएको उक्त कार्यक्रममा गुरुको पुण्यस्मृतिमा शिष्या गुरुमांहरूले दानप्रदान गरी पुण्य सञ्चय गुर्नुभएका थिए । सञ्चित पुण्य गुरु सिनयुनको पुण्यस्मृतिमा पुण्यानुमोदन गरी उहाँको परलोक जीवन सुगतिमय बनोस् र उहाँको बोधिचर्या जीवन सफल सहोस् भन्ने कामना गरियो । ■



*दिवंगत माष्टर सिनयुन*



*माष्टर सिनयुनको पुण्यस्मृतिमा परित्राण पाठ गर्नुहुँदै प्रव्रजित गुरुमांहरू*

## आवरण चित्र परिचयको बाँकी अंश ... ...

धम्म उपदेश प्रष्टसँग बुझ्न सकुन भन्ने धारणा सहितको करुणा चित्तले तथागतले प्रश्नोत्तरको रूपमा देशना गर्नको लागि अर्को एक निर्मित बुद्ध निर्माण गर्नुभएको थियो ।


त्यसपछि ती देवसमूहले हेर्दाहेर्दै निर्मित बुद्ध आउनु भएर शाक्यमुनी बुद्धलाई वन्दना नगरीकन नजिकै रहेको समान आसनमा बस्नुभयो । भगवान् बुद्धसँग भएको बत्तिस महापुरुष लक्षण सो निर्मित बुद्धसँग पनि थियो । भगवान् बुद्धको शरीरबाट ६ वर्ण रश्मी (तेज) निस्किरहेको थियो भने निर्मित बुद्धको शरीरबाट पनि ६ वर्ण तेज निस्किरहेको थियो । भगवान् बुद्धको शरीरबाट निस्किएको तेज निर्मित बुद्धको शरीरमा फैलियो भने निर्मित बुद्धको शरीरबाट निस्किएको तेज भगवान् बुद्धको शरीरमा फैलियो । यी दुबै बुद्धहरूको शरीरबाट निस्किएको तेज माथि फैलदै गई अकनिट्ठ भूवनसम्म पनि पुग्यो । त्यसपछि त्यहाँ रहेका देवताहरूको शरीरमा परेर चक्रवालको अगाडि प्रतिष्ठित भयो । सम्पूर्ण चक्रवाल नै सुवर्णमय वङ्गोपानसिवि (बाङ्गो छाना) जस्तै चेतियघर जाज्वयमान भयो । दश हजार चक्रवालमा रहेका देवताहरू एउटै चक्रवालमा जम्मा भए ।

१० हजार चक्रवालबाट आएका देवब्रह्माहरूलाई भगवान् बुद्धले महासमय सूत्रका साथै महासमय सूत्र भनेर नै नाम गरेको अन्य ६ वटा सूत्रहरू पनि क्रमैसँग देशना गर्नुभएको थियो ।

प्रायःजसो पाठ गर्दै आइरहेको महासमय सूत्र भगवान् बुद्धले देवताहरूको चित्त कोमल एवं शान्त पार्नको

*( क्रमशः पेज २० मा हेर्नुहोला )*

# धम्मवती गुरुमांलाई विशेष सम्मान-पत्र



Lumbini: The Birthplace of Lord Buddha
Celebrating 25 years of World Heritage

विशेष सम्मान-पत्र

२०८० साल बैशाख २२ गते, लुम्बिनी

**श्रद्धेय धम्मवती गुरुमां**
सासनधजधम्माचरिय, अग्गमहागन्थवाचक पण्डित
धर्मकीर्ति विहार, श्रीघः, नःघल, काठमाडौं ।

भगवान शाक्यमुनि बुद्धले देखाउनु भएको मार्ग, उपदेश तथा शिक्षालाई विभिन्न माध्यमबाट विश्वव्यापी रुपमा प्रबर्द्धन गर्न यहाँले पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको कदर गर्दै "२५६७ औ बुद्ध जयन्ती एवम् लुम्बिनी दिवस २०८०" को पावन अवसरमा लुम्बिनी विकास कोषको तर्फबाट विशेष सम्मान-पत्र प्रदान गरिएको छ । यहाँलाई सम्मान गर्न पाउँदा लुम्बिनी विकास कोष परिवार गौरवको अनुभूति गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ ।

भिक्षु मेत्तेय शाक्यपुत्त
उपाध्यक्ष
लुम्बिनी विकास कोष

सुदन किराती
मा. मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
एवम् अध्यक्ष, लुम्बिनी विकास कोष

पुष्पकमल दाहाल 'प्रचण्ड'
सम्माननीय प्रधानमन्त्री
नेपाल सरकार

Lumbini

**विशेष सम्मान-पत्र**

*२०८० साल वैशाल २२ गते, लुम्बिनी*

सासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित श्रद्धेय धम्मवती गुरुमांले तथागत सम्यक सम्बुद्धले देखाउनु भएको मार्ग, उपदेश तथा शिक्षालाई विभिन्न माध्यमबाट विश्वव्यापी रूपमा प्रवर्द्धन गर्नु भएको बुद्धशासनिक योगदानलाई कदर गर्दै २५६७ औं बुद्ध जयन्ति एवम् लुम्बिनी विकास कोषको तर्फबाट विशेष सम्मान-पत्र प्रदान गरिएको छ ।

## आवरण चित्र परिचयको बाँकी अंश ... ...

लागि र भिक्षु परिषद् बिच सम्वन्ध जोड्नको लागि प्रथम पटक देशना गर्नुभएको थियो । त्यसपछि दु:खबाट मुक्त हुनको लागि देवब्रह्माहरूको चरित्र अनुसार ६ वटा सूत्रहरू धर्मदेशना गर्नुभएको थियो । ती यसरी छन् –

१) सम्मापरिब्बाजनीय सूत्र – राग चरित्र प्रवल भएकाहरूलाई

२) कलह विवाद सूत्र – द्वेष चित्र प्रवल भएकाहरूलाई

३) महाब्यूह सूत्र – मोह चरित्र प्रबल भएकाहरूलाई

४) चूलव्यूह सूत्र – वितर्क चरित्र प्रबल भएकाहरूलाई

५) तुवट्टक सूत्र – श्रद्धा चरित्र प्रवल भएकाहरूलाई

६) पूराभेद सूत्र – प्रज्ञा (बुद्धि) चरित्र प्रबल भएकाहरूलाई

यसरी ६ भाग गरेर धर्मदेशना गर्नुभएको वेला एकएक सूत्रको अन्तमा एकएक करोड देवब्रह्माहरू अरहन्त भएको विषयमा उल्लेखित छन् भने श्रोतापन्न, सकृदागामी र अनागामी हुने देवताहरू अनगिन्ती नै रहेको उल्लेख गरिएका छन् । ■

# विशेष अल्पकालिन प्रव्रज्या कार्यक्रम

*२०८० जेठ १४ गते । स्थान- धर्मकीर्ति विहार*

अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालले ५ दिने विशेष अल्पकालिन प्रव्रज्या सम्पन्न गरिएको छ । सासनधज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित, भाषा थुवाः, अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालका अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांको ७५ औं प्रव्रजित वर्षको उपलक्ष्यमा सञ्चालित यस कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांले ७७ जना कुल पुत्रीहरूलाई अल्पकालिन प्रव्रज्या गराउनुभई शील प्रार्थना गराउनु भएको थियो । यसदिन श्रद्धेय धम्मवती गुरुमांले ओवाद दिनुभएको थियो भने विमलञाणी गुरुमांले विपश्यना ध्यान भावना विषयमा निर्देशन दिनुभएको थियो ।


यस कार्यक्रममा ८ जना कुलपुत्रीहरू गुरुमां प्रव्रजित हुनुभएका थिए भने बाँकी ६९ जना कुलपुत्रीहरू ऋषिणी प्रव्रजित हुनुभएका थिए ।

प्रव्रजित गुरुमां एवं ऋषिणी प्रव्रजित ७७ जनाको समूहलाई सोही दिन धर्मस्थली अन्तर्राष्ट्रिय भावना केन्द्र धर्मस्थलीमा लगी जेठ १४-१८ सम्म ५ दिन बुद्ध शिक्षा सम्बन्धी कक्षा, धर्मदेशना र ध्यानभावना सम्वन्धी कक्षा सञ्चालन गरी बुद्ध शिक्षाको प्रशिक्षण दिइएको थियो ।

पञ्ञावती गुरुमांको संयोजकत्त्वमा सञ्चालित यस ५ दिने कार्यक्रममा सहभागी गुरुमां ऋषिणी प्रव्रजित हुने कुलपुत्रीहरूको नाम यसरी उल्लेख गरिएका छन् –



*गुरुमां एवंम् ऋषिणी प्रव्रजित हुनुभएका कुलपुत्रीहरू ७७ जना*



*ओवाद एवंम् निर्देशन दिनुहुँदै श्रद्धेय धम्मवती गुरुमां र विमलयनी गुरुमां*

**क्र.सं., नाम थर र ठेगाना**

१) वसुमाया महर्जन, वहती, काठमाडौं
२) प्राणमाया महर्जन, यट्खा, काठमाडौं
३) सरस्वती डंगोल, लाजिम्पाट, काठमाडौं
४) रमा शाक्य, स्वयम्भू, काठमाडौं
५) शान्ति शाक्य, पाटन
६) मेनुका शाक्य, स्वयम्भू, काठमाडौं
७) चन्द्रदेवी महर्जन, भिमसेनस्थान, काठमाडौं
८) मैंया डंगोल, नयाँबजार, काठमाडौं
९) ऐश्वर्य ताम्राकार, ठँहिटी, काठमाडौं
१०) सुवर्ण तुलाधर, नयाँबजार, काठमाडौं
११) सानुमैंया प्रजापति, ज्याठा, काठमाडौं
१२) वसुमाया प्रजापति, ज्याठा, काठमाडौं
१३) हेरादेवी महर्जन, खाःबहा, काठमाडौं
१४) विद्यालक्ष्मी शाक्य, इमाडोल, पाटन
१५) संझावती चौधरी, सानेपा, पाटन
१६) गौरी वज्राचार्य, डिल्लीबजार, काठमाडौं
१७) प्रशंसा वज्राचार्य, म्ह्यपी काठमाडौं
१८) अन्नपूर्ण तुलाधर, नक्साल, काठमाडौं
१९) करुणा मानन्धर, हात्तीसार, काठमाडौं
२०) सारदा शाक्य, बागबजार, काठमाडौं
२१) तारादेवी तण्डुकार, बागबजार, काठमाडौं
२२) सारदा तण्डुकार, बागबजार, काठमाडौं
२३) पन्ना खड्गी, बागबजार, काठमाडौं
२४) सुमना महर्जन, कालधारा, काठमाडौं
२५) सरस्वती महर्जन, कालिमाटी, काठमाडौं

२६) लक्ष्मी महर्जन, सोल्टीमोड, काठमाडौं
२७) प्रफुल्ल स्थापित, मखन, काठमाडौं
२८) शान्ति शाक्य, नरदेवी, काठमाडौं
२९) नानीहेरा मुनिकार, बनस्थली, काठमाडौं
३०) विनिता प्रजापति, ढल्को, काठमाडौं
३१) नानीशोभा मानन्धर, टेकु, काठमाडौं
३२) सुमी शाक्य, चःमती, काठमाडौं
३३) रश्मिला मानन्धर, मच्छेगाउँ, काठमाडौं
३४) दुर्गा शाक्य, कमलपोखरी, काठमाडौं
३५) सीता देवी मानन्धर, ज्याठा, काठमाडौं
३६) सुभद्रा स्थापित, इन्दचोक, काठमाडौं
३७) सावित्री तुलाधर, कोटेश्वर, काठमाडौं
३८) पुनशोभा महर्जन, ज्याठा, काठमाडौं
३९) नानीहेरा महर्जन, गोंगःबुँ, काठमाडौं
४०) कमलहेरा ताम्राकार, लाजिम्पाट, काठमाडौं
४१) भ्यापुनानी महर्जन, सामाखुसी, काठमाडौं
४२) मीनु महर्जन, खुसिबुँ, काठमाडौं
४३) बसुदेवी महर्जन, खुसिबुँ, काठमाडौं
४४) बच्चु शर्मा, बालाजु, काठमाडौं
४५) मोहन देवी महर्जन, ठमेल, काठमाडौं
४६) सानुमाया महर्जन, लाजिम्पाट, काठमाडौं
४७) प्रतिमा मानन्धर, क्षेत्रपाटी, काठमाडौं
४८) शशीप्रभा स्थापित, नयाँबजार, काठमाडौं
४९) सोनिया शाक्य, ताहाचल, काठमाडौं
५०) नानीमय्जु महर्जन, असन, काठमाडौं
५१) तुलसी माया महर्जन, ठमेल, काठमाडौं
५२) श्रीमाया महर्जन, ठमेल, काठमाडौं
५३) देवी महर्जन, ठमेल, काठमाडौं
५४) पूर्ण शोभा महर्जन, सामाखुसी, काठमाडौं
५५) कीर्ति मैया सिंह, खुसिबुँ, काठमाडौं
५६) लक्ष्मी महर्जन, असन, काठमाडौं
५७) धनमाया सिंह, वंगः, काठमाडौं
५८) सूर्यलक्ष्मी महर्जन, लैनचौर, काठमाडौं
५९) शारदा कर्माचार्य, लैनचौर, काठमाडौं
६०) ज्ञानी महर्जन, लैनचौर, काठमाडौं
६१) चैतमाया महर्जन, लैनचौर, काठमाडौं
६२) सानुमाया डंगोल, खोकना
६३) पूर्णशोभा ताम्राकार, महाबौद्ध, काठमाडौं
६४) शारदा रञ्जितकार, लाखेनानी, काठमाडौं
६५) नूतन वज्राचार्य, सिञ्चाहिटी, पाटन
६६) शोभा शाक्य, हःखा, पाटन
६७) कमला महर्जन, खुसिबुँ, काठमाडौं
६८) शान्ति सिंह, खुसिबुँ, काठमाडौं
६९) रीता महर्जन, सामाखुशी, काठमाडौं
७०) विष्णु महर्जन, खुसिबुँ, काठमाडौं
७१) रश्मिला महर्जन, सानोगाउँ, पाटन
७२) निर्मला महर्जन, सानोगाउँ, पाटन
७३) ज्ञानी महर्जन, सानोगाउँ, पाटन
७४) मीना महर्जन, सनोगाउँ, पाटन
७५) गीता मानन्धर, पाटन
७६) केशरी सिंह, इन्द्रचोक
७७) इन्दिरा श्रेष्ठ चित्रकार, कपुरधारा

# सूचना ! सूचना !! सूचना !!!

**"धर्मकीर्ति पुस्तकालय" प्रत्येक शुक्रवार १ वजे देखि ५ वजेसम्म खुल्ला रहने जानकारी गराउँदछौं ।**

*सम्पर्क :*

**मीन शोभा शाक्य – ९८४३३४६१५२**

**मायादेवी महर्जन – ९८४९५२१९९२**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**





# दिवंगत रमा मैया मानन्धर

*( मदुगु दिं : बि.सं. २०७९ चैत्र ३० गते )*

शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागया सिनियर डिभिजनल इन्जिनियर, नेपाल परम्परागत बौद्ध विहार लुम्बिनीया सहायक आर्किटेक्ट व करुणा विहारया आर्किटेक्ट **रमा मैया मानन्धर** (राजभक्त, सरस्वती देवीया म्ह्याय व कमल, वसन्त व उदय मानन्धरया क्येँहे, सरीता मानन्धरया क्येँहेभत) ४६ दँया वैशय दिवंगत जुल ।

जिपिं सकसियाँ योम्ह क्यहेँ रमा मैंयाया परलोक जीवन सुगतिमय जुयाः याकन हे निर्वाणया हेतु चूलाय्मा धकाः आसिका यासे पुण्यानुमोदन यानाच्वना । अथेहे क्येँहे रमाया छयेँजःपिसं थुगु दुःख घडी बुद्ध शिक्षा त्रिलक्षण स्वभावयात थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः नं कामना यासे बिचाः हाय्का च्वना ।

*बिचाः हायकूपिं :*

**शान्ति वज्राचार्य, मन्दिरा ताम्राकार, घनश्याम महर्जन**
**तुला ब. गुरुङ्ग, अन्जीरा गुरूङ्ग, बिजय राजभण्डारी, शैलेश राजभण्डारी,**
**विकल्प राजभण्डारी व शचेश थिङ**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



# दिवंगत डा. सुरेन्द्र बहादुर बादे श्रेष्ठ

बनेपा नगरपालिकाका संस्थापक नगर प्रमुख, प्रजातान्त्रिक व्यक्तित्त्व, राजनीतिज्ञ, बुद्धिजीवि, विकासप्रेमी, शिक्षाकामी, समाजसेवी, डा. सुरेन्द्र बहादुर बादे श्रेष्ठज्यू वि.सं. २०८० जेठ ६ गते ८५ वर्षको उमेरमा दिवंगत हुनुभयो ।

दिवंगत डा. सुरेन्द्र नेपालका छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविरको समिपस्थ दाता उपासक हुनुहुन्थ्यो । बनेपास्थित ध्यानकुटी विहार तथा मैत्रीकेन्द्र (मेत्ता सेन्टर) को लागि उहाँले ठूलो योगदान गर्नुभएको छ ।

यस दु:खद् समयमा उहाँकी श्रीमती सारदा बादे श्रेष्ठ, छोरा राजु बादे श्रेष्ठ लगायत परिवारका अन्य सदस्यहरूले पनि अनित्य बोध गरी धैर्य धारण गर्न सकुन् भनी कामना गर्दछौं । यसको साथै दिवंगत डा. सुरेन्द्र बहादुर बादे श्रेष्ठको सुगति एवंम् निर्वाण हेतुको पनि कामना गर्दछौं ।

**ध्यानकुटी विहार तथा मैत्री केन्द्र (मेत्ता सेन्टर)**
**परिवार, बनेपा**

# साधुवाद !



**दिवंगत रत्नदेवी मानन्धर**

*बुन्हि: बि.सं. १९८७ आश्विन ४ गते, त्रयोदशी, शनिवार*
*मदुगु न्हि : बि.सं. २०६९ ज्येष्ठ २ गते,*
*दशमी, मङ्गलवार*



**दिवंगत देवनारायण मानन्धर**

*बुन्हि: १९८३ कार्तिक ३ गते, श्रीघः पुन्हि, मङ्गलवार*
*मदुगु न्हि : बि.सं. २०५६ श्रावण ३० गते,*
*चतुर्थी, आइतवार*

धर्मकीर्ति पत्रिका वर्ष ४१, अङ्क २ या रङ्गीन कभर पेज "देवरत्न स्मृतिकोष" पाखें धर्मदान यानादीगु खः । धर्मदान यानाः सञ्चित पुण्य शक्तिं दिवंगत जुयादीपिं उपासक देबनारायण मानन्धर व उपासिका रत्नदेवी मानन्धर सहित सकलें पितृजनपिनि सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानाच्वना ।

अथेहे "देवरत्न स्मृतिकोष" दाता सपरिवारया आयु आरोग्य व निरोगी कामना यासे वय्कःपिसं नं बुद्ध शिक्षायात अभ्यास यायां थथःगु जीवन सफल याय् फय्मा धकाः कामना यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल ।

## धर्मकीर्ति पत्रिका परिवार
## धर्मकीर्ति विहार
श्रीघः नःघः, काठमाडौं

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०७९/०८०)

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
वि.सं. २०११ श्रावण
३ गते

*दिवंगत :*
वि.सं. २०८० जेठ
३ गते

# दिवंगत डा. अनोजा गुरूमां

अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालका सचिव, देवदह यशोधरा विहार निर्माण समितिका अध्यक्ष, धर्मकीर्ति विहारको शाखा सुलक्षणकीर्ति विहारका संस्थापक अध्यक्ष, महासद्धम्म जोतिक धज **डा. अनोजा गुरूमां**को ६९ वर्षको उमेरमा असामयिक निधन भएको छ ।

बुद्ध शासन क्षेत्र लगायत, समाज सेवा, शैक्षिक, साहित्यिक, स्वास्थ्य आदि गरी राष्ट्रिय अन्तर्राष्ट्रिय तहका विभिन्न संघ संस्थाहरूमा आवद्ध रही आफूले सक्दो सेवा र योगदान पुऱ्याई सञ्चय गरिएको पुण्य शक्तिले उहाँको परलोक जीवन सुगतिमय बन्दै निर्वाण हेतु पनि प्राप्त होस् भन्ने कामनाका साथ पुण्यानुमोदन गर्दछौं ।

॥ भवतु सब्ब मंगलम् ॥

## धर्मकीर्ति विहार परिवार

श्रीघः नःघः, काठमाडौं

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com